# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७७ | काठमाडौं | मंगलबार, ११ कात्तिक २०८२ | Prabhab National Daily | Tuesday, 28 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरूलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं ।


सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**




छठ पर्वको मुख्य दिन सोमबार ललितपुरको सानेपास्थित राममन्दिर राजतीर्थ, बागमती नदी किनारमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै भक्तजन । *तस्बिरः रासस*

# जेन–जी विद्रोहको मर्मबाट सरकार बरालिँदा मेटिँदै भदौ २३ को बलिदान



यो एन्टी करप्सनविरूद्धको लडाइँ थियो । हत्याराहरु अहिलेको सरकारले पकडेको छैन । अहिलेको सरकारको काम पनि राम्रो भइरहेको छैन । भदौ २३ को सबै कुरा मेट्न लागिसक्यो । भदौ २४ को बिल्डिङ बलेको कुरा ठूला हुन लागिरहेको छ ।

**अमनप्रताप अधिकारी**
कवि



आज न त अधिकांश दलका पहिलोपुस्ते नेताहरूको कुनै अर्थपूर्ण आत्मआलोचना छ, न त कुनै संशोधन । अनि यसरी राजनीतिक दल, यो संविधान, यो देश, कसरी अगाडि बढ्नसक्छ ? अगाडि बढे पनि त्यो समाजका लागि स्वस्थकर कसरी हुनसक्छ ?

**ईः**
सामाजिक अभियन्ता



जनताको माग भनेकै भ्रष्टाचार निवारण हो । म्याण्डेट यही थियो । तर सरकारले सुरूमै ट्र्याक छाडिसकेको छ । मुख्य बाटो छाडेपछि भीर कान्लातिर पुग्छ । अहिले यस्तै भइरहेको छ ।

**आनन्दराम पौडेल**
राजनीतिक विश्लेषक



फाइल तस्बिर

**प्रभाव संवाददाता**

**काठमाडौं–** सुशासन र भ्रष्टाचारको विरोधमा एकत्रित भएसँगै भदौ २३ मा भएको जेन-जी विद्रोहले तत्कालीन सरकार ढल्यो । त्यही विद्रोहको जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकार भने सुशासन र भ्रष्टाचार विरोधी मुद्दाको लय बिर्सेर मन्त्री नियुक्तिमै अल्मलिन थालेको छ ।

यतिमात्र हैन कार्की नेतृत्वको सरकारको काम कारबाहीका कारण भ्रष्टाचार मौलाउने गरी शक्तिमा उदाएका दलका नेताहरू खुलेआम सडकमा सरकारविरुद्ध उत्रने धम्की दिन थालेका छन् । सोमबारमात्र नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दलका अध्यक्ष विद्वान गुरुङले सरकारसँग भिड्ने धम्की दिएका हुन् ।

भदौ २३ गते काठमाडौंको नयाँ बानेश्वरस्थित संसद भवन अगाडि प्रदर्शनमा पुगेका १९ जना युवाहरूको हत्या गरेको पूर्ववर्ती सरकारका जिम्मेवार व्यक्तिहरूसमेत आफूहरू निर्दोष रहेको भन्दै सडकमा आउँदा सरकार मौन देखिन्छ ।

कार्की नेतृत्वको सरकारकै कारण भदौ २३ मा युवाहरूले गरेको बलिदान मेटिन थालेको र भदौ २४ को घटनामात्र हाइलाइटमा भएको आन्दोलनमा होमिएका कवि अमनप्रताप अधिकारी बताउँछन् । आफू भदौ २३ गतेको प्रदर्शनमा विद्यार्थीहरू ढलेको र त्यसैको आक्रोशमा आफू संसद् भवन पुगेको अधिकारीले बताए । 'सरकारले संसद्भित्रबाट गोली प्रहार गरेको थियो । त्यही आक्रोशमा हजारौं मानिसहरू संसद् भवनमा आइपुगेका थिए,' अधिकारीले भनेका छन् ।

त्यतिबेला प्रधानमन्त्री केपी शर्मा ओली थिए भने गृहमन्त्री रमेश लेखक । त्यसैगरी गृहसचिव गोकर्णमणि दवाडी र काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख थिए छवि रिजाल । ओलीसहित पाँच जनाको राहदानी रोक्का गर्ने भनेर सरकारले 'मिडिया ट्रायल' गरे पनि उनीहरूलाई अझै अनुसन्धानमा ल्याउन सकेको छैन । परिवर्तनकारी शक्तिले ओलीसहित भदौ २३ मा जिम्मेवार व्यक्तिहरूलाई पक्राउ गर्न माग गरे पनि सरकारले कानमा तेल हालेर बसेको छ ।

'यो एन्टी करप्सनविरुद्धको लडाइँ थियो । हत्याराहरू अहिलेको सरकारले पकडेको छैन । अहिलेको सरकारको काम पनि राम्रो भइरहेको छैन । भदौ २३ को सबै कुरा मेट्न लागिसक्यो । भदौ २४ को बिल्डिङ बलेको कुरा ठूला हुन लागिरहेको छ,' अधिकारीले सामाजिक सञ्जालमार्फत भनेका छन् ।

तत्कालीन प्रधानमन्त्री ओलीले आफूले गोली हान्ने आदेश नदिएको भन्दै पन्छिएका छन् । 'सरकारले प्रदर्शनकारीलाई ताकीताकी गोली हान्ने आदेश दिएको थिएन । प्रहरीसँग नभएका स्वचालित हतियारले गोली हानेको घटनाको छानबिन हुनु पर्दछ,' ओलीले असोज ३ गते भनेका थिए ।

त्यतिबेला गृहमन्त्री रहेका लेखकले पनि आफूले र प्रधानमन्त्रीले गोली हान्ने आदेश नदिएको दाबी पेस गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

# भावी आइजिपीको प्रतिस्पर्धामा चार एआइजी



दानबहादुर कार्की



राजन अधिकारी



डा. मनोजकुमार केसी



सिद्धिविक्रम शाह

**जेबी योञ्जन**

**काठमाडौं–** ३० वर्षे सेवा अवधि पूरा गरेर नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) चन्द्रकुबेर खापुङ यही कात्तिक अन्तिम साता अवकाशमा जाँदै छन् । पुगनपुग साढे दुई महिने कार्यकाल पूरा गरी खापुङ कात्तिक २६ गते नियमित अवकाशमा जान लागेका हुन् ।

उनको अवकाश हुन लाग्दा प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) हरूबीच भावी आइजिपीको प्रतिस्पर्धा तीव्र भइरहेको छ । ३३औं आइजिपीको प्रतिस्पर्धामा चार जना एआइजी छन् । उनीहरू हुन्- एआइजीहरू डा. मनोजकुमार केसी, दानबहादुर कार्की, सिद्धिविक्रम शाह र राजन अधिकारी ।

यी चारमध्ये केसी, कार्की र अधिकारी वर्तमान आइजिपी खापुङसँगै एआइजीमा बढुवा भएका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# जापानमा विशिष्ट सीपयुक्त कामदार पठाउने मागपत्र प्रमाणीकरण सुरू



वर्कसपमा सहभागी हुन गएको बेला जापानस्थित नेपाली दूतावासमा गएर राजदूतलाई एसएसडब्ल्यू खोल्न आग्रह गरेपछि मागपत्र प्रमाणीकरणको काम सुरू भएको हो । सबै व्यवसायीलाई मागपत्र पेस गर्न अनुरोध छ ।

**भुवनसिंह गुरूङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ




- यही अक्टोबर १४ बाट जापानस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण सुरू गरेको जानकारी
- व्यक्तिगत श्रम स्वीकृति लिएर जापान पुगेका अधिकांश समस्यामा रहेको पाइएको संघका अध्यक्ष भुवनसिंह गुरूङको भनाइ

**प्रभाव संवाददाता**

**काठमाडौं–** जापानमा विशिष्ट सीप भएका कामदार (स्पेसिफाइड स्किल्ड वर्कर- एसएसडब्ल्यू) पठाउने मागपत्र प्रमाणीकरणको काम सुरु भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अनुसार यही अक्टोबर १४ बाट जापानस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणको काम गरिरहेको छ ।

श्रमिक पठाउने १४ वटा मुलुकहरूको कार्यशालामा सहभागी हुन जापान पुगेका बेला संस्थागत तवरबाट अर्को काम गर्न सफल भएको संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए । जापानस्थित नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीसँगको भेटमा उक्त पहल गरेको र प्रमाणीकरण पनि सुरु भइसकेको गुरुङको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

# तीन महिनामा ३६६ परिवारले लिए आर्थिक सहायता

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको तीन महिनामा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका ३६६ जना मृतकका परिवारले आर्थिक सहायता लिएका छन् ।

वैदेशिक रोजगार बोर्डले रोजगारीमा गएका श्रमिकको करार अवधिभित्रै या करार सकिएको एक वर्षभित्र मृत्यु भए १० लाख रूपैयाँ आर्थिक सहायता दिँदै आएको छ । बोर्डको तथ्यांकअनुसार चालु आर्थिक वर्षको तीन महिनामा सबैभन्दा बढी साउनमा १४२, भदौमा १२६ र असोजमा ९८ जनाले यस्तो सहायता लिएका छन् ।

यो अवधिमा बोर्डले १११ वटा शव झिकाइदिएको छ । साउनमा ३९, भदौमा ४४ र असोजमा २८ वटा शव झिकाइदिएको तथ्यांक छ । बोर्डले यो तीन महिनामा २३५ वटा शव ढुवानी गरिदिएको छ । जसमा साउनमा ४३, भदौमा ९९ र असोजमा ९२ वटा रहेका छन् । आर्थिक अवस्था लगायतका कारण विदेशमा मृत्यु भएका आफन्तको शव ढुवानीमा समस्या भए बोर्डले उक्त कार्यमा सघाउँदै आएको छ ।

त्यस्तै, विदेशमा कानुनी सजाय पाएका, दुर्घटनामा परेका या विभिन्न समस्याले स्वदेश फर्किन समस्या भएका कामदारको उद्धार तथा खोजतलास पनि बोर्डले गर्ने गर्छ । यस आवको तीन महिनामा ४३ जनाको उद्धार तथा खोजतलास गरिएको बोर्डले जानकारी दिएको छ ।

क्रमशः पृष्ठ २ मा

दलका नेताहरु भन्छन्

# निर्वाचनका लागि सरकारले शान्ति सुरक्षाको पूर्णप्रत्याभूति गरोस्

**काठमाडौं–** राजनीतिक दलका नेताहरूले जेन-जी आन्दोलनका क्रममा लुटपाट भएका सुरक्षाकर्मीका हतियार फिर्ता र फरार कैदीलाई पक्राउ गरी निर्वाचनको वातावरण बनाउन सरकारलाई सुझाव दिएका छन् । गत आन्दोलनका क्रममा लुटिएका हतियारसहित कारागारबाट फरार कैदी बाहिर रहेको अहिलेको अवस्थामा भय र अशान्तिको वातावरणसहित निर्वाचनका पक्षमा माहोल बन्न नसक्ने वस्तुस्थितिलाई दृष्टिगत गरी आवश्यक कदम चाल्न सरकारसँग अनुरोध गरेका हुन् ।

दलीय शासन व्यवस्थामा राजनीतिक पार्टीहरूको सहभागिताविना निर्वाचनको कल्पना पनि गर्न नसकिने स्पष्ट गर्दै पार्टी नेताहरूले जिम्मेवार राजनीतिक दलहरूसँग निरन्तर संवाद तथा छलफल गरी उनीहरूलाई साथमा लिएर भयरहित वातावरणसहित स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको माहोल तयार गर्नुपर्नेमा जोड दिए ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी, शान्ति सुरक्षालगायतका विषयमा जिज्ञासा राख्दा पार्टी नेताहरूले शान्ति सुरक्षाको पूर्णप्रत्याभूतिसहित भयरहित वातावरणमा निर्वाचन गराउनेतर्फ सरकार क्रियाशील हुनुपर्ने धारणा व्यक्त गरे । प्रस्तुत छ *रासस*सँगको कुराकानीमा नेताहरूले व्यक्त गरेका विचारः

### 'लुटिएका हतियार र फरार कैदी फिर्ता गर्नुपर्छ'



**श्यामकुमार घिमिरे**
नेपाली कांग्रेस

शान्तिसुरक्षाको पूर्ण प्रत्याभूतिसहित भयरहित वातावरणमा चुनाव हुन्छ कि हुन्न भन्ने अहिलेको गहन प्रश्न छ । अहिले एक खालको अन्योल देखिएको छ । निर्वाचनका लागि अझै पनि सहज वातावरण निर्माण भइसकेको छैन । गत भदौ २४ गते आजगानी, लुटपाट, तोडफोडजस्ता अपराधजन्य क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन नसकिएको अवस्था छ ।

यस विषयमा सरकारको धारणा के हो ? जनधनसहित राज्यको महत्त्वपूर्ण संरचनामा आगजनी गर्नेलाई कारबाही नगर्ने हो भने शान्तिसुरक्षाको प्रत्याभूति कसरी हुन्छ ? अहिले पनि प्रहरीबाट लुटिएका सयौं हातहतियार बाहिर छन् ।

त्यस्तै ठूलो संख्यामा कैदीबन्दी भागेका छन् । यस्तो अवस्थामा निर्वाचन कसरी भयरहित वातावरणमा हुनसक्ला र भन्ने आशंका सबैमा छ । जुनसुकै आपराधिक गतिविधिमा संलग्नमाथि कारबाही हुनुपर्छ भन्ने हाम्रो मान्यता हो ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## जेन-जी

असोज २४ गते कांग्रेस केन्द्रीय कार्यालय पुगेर लेखकले भनेका छन्, 'दुःखद घटना भएपछि भदौ २३ गते गृहमन्त्री पदबाट मैले राजीनामा गरेको थिए । आन्दोलनका क्रममा बल प्रयोग गर्ने विषयमा प्रधानमन्त्री र गृहमन्त्रीले आदेश गरेको भन्ने विषय उठेका छन् । यसमा प्रधानमन्त्रीज्यू र मबाट गोली प्रहारको कुनै आदेश भएको छैन,' लेखकले भनेका छन् ।

त्यतिबेला दलको नेतृत्व सच्चिनुपर्ने भन्दै बोल्न थालेका दलका संस्थापनइतरका नेताहरूसमेत अहिले भदौ २४ को घटनालाईमात्र लिएर 'एक्सपोज' अभियानमा उत्रिएका छन् । यसखाले प्रवृत्तिले सुधारभन्दा पनि राज्य गम्भीर दुर्घटनामा पुग्ने अभियन्ता ईः बताउँछन् । 'आज न त अधिकांश दलका पहिलोपुस्ते नेताहरूको कुनै अर्थपूर्ण आत्मआलोचना छ, न त कुनै संशोधन । अनि यसरी राजनीतिक दल, यो संविधान, यो देश, कसरी अगाडि बढ् नसक्छ ? अगाडि बढे पनि त्यो समाजका लागि स्वस्थकर कसरी हुनसक्छ ?,' ईः ले भनेका छन्, 'यस्तो अवस्थामा संविधान मासियो वा संविधानको अस्तित्व संकटमा छ भन्ने कथन कसरी अर्थपूर्ण हुनसक्छ ?'

विशेषगरी दलका नेताहरू भदौ २४ मा संसद् भवन, सिंहदरबार, शितलनिवास जलेको मुद्दालाई बुलन्द बनाउँदै जेन-जीको विरोधमा उत्रिएको देखिन्छ । यसको पछिल्लो उदाहरण हो- प्रदर्शनमा उत्रिएका चलचित्रकर्मी दीपकराज गिरी, निश्चल बस्नेत, विजय लामालगायतको फोटो र भिडियोलाई लिएर सामाजिक सञ्जालमा एक्सपोज अभियान चलाउनु । यसरी विशाल प्रदर्शनपछि भएको परिवर्तनलाई समेत नमान्ने प्रवृत्तिले देश भयंकर दुर्घटनामा पुग्ने तरखर देखिएको ईःको तर्क छ । '९ तारिखको दुर्घटनापछि पनि असान्दर्भिक, असफल अनुहार, व्यवहार र सोचले निकाश दिन सक्दैनन्, समाजलाई राम्रो गन्तव्यमा पुऱ्याउन सक्दैनन् भन्ने सत्य संस्थागत हुन नसकेको देख्दा हामी थप भयंकर दुर्घटनाको पर्खाइमामात्र छौं कि जस्तो लाग्न थालेको छ,' ईःले भनेका छन् ।

विशेषगरी जेन-जी र परिवर्तनकारी जनताले कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको शासन मन परिरहेका थिएनन् । देउवा, ओली र दाहाल सुध्रने छाँट देखिन्नथ्यो । देशमा केही गर्न राजनीतिक दलको शरण लिनैपर्थ्यो । भ्रष्टाचारका काण्डमा मुछिएका नेताहरूले छुट पाउँदै आएका थिए । यही आक्रोशको विद्रोह थियो भदौ २३ को प्रदर्शन ।

सत्ता परिवर्तन भएपछि दोषीहरू धमाधम पक्राउ गर्नुपर्नेमा कार्की नेतृत्वको सरकार भने मन्त्रिपरिषद् विस्तारमै अलमलिएको छ । मन्त्रिपरिषद् विस्तार तीव्र विवादमा तानिएको छ । पछिल्लोपटक मन्त्री नियुक्त हुन लागेका खागेन्द्र सुनारको विषयलाई लिएर यो कार्की नेतृत्वको तीव्र आलोचना हुन थालेको छ । डा. संगीता मिश्रा होस् या मोहना अन्सारी, टासी ल्हाञ्जोम होस् या गणपतिलाल श्रेष्ठ, मन्त्री बन्न ठिक्क भएकालाई मन्त्री बनाउन नसक्दा पनि कार्की सरकारको जग कमजोर बन्दै गएको हो । यता तत्कालीन प्रधानमन्त्री ओलीले आफूलाई पक्रन चुनौती दिँदा पनि कार्की नेतृत्वको सरकारले सहास गर्न सकिरहेको छैन । जसकारण सरकारमाथि विद्रोहमा सहभागीहरूलेसमेत आशंका गर्न थालेका छन् ।

सरकारले भदौ २३ गतेको अपराधीहरूलाई पक्रेर चुनावतिर लाग्नुपर्नेमा सुरुबाटै ट्र्याक छाडेको राजनीनिक विश्लेषक आनन्दराम पौडेल बताउँछन् । 'जनताको माग भनेकै भ्रष्टाचार निवारण हो । म्याण्डेट यही थियो । तर सरकारले सुरुमै ट्र्याक छाडिसकेको छ,' पौडेलले भने, 'मुख्य बाटो छाडेपछि भीर कान्लातिर पुग्छ । अहिले भएको यस्तै हो ।'

भ्रष्टाचारीलाई छानबिनमा ल्याउन सम्पत्ति शुद्धीकरण आयोगबाट काम थाल्नुपर्नेमा सरकारले केही नगरेको उनको भनाइ छ । निर्वाचनका लागि बजेट र शान्ति सुरक्षाको प्रत्याभूति भए पुग्ने उनी बताउँछन् । भ्रष्टाचारीलाई कारबाही गरे स्वतः निर्वाचनको वातावरण तयार हुने पौडेलको तर्क छ । भ्रष्टाचारविरोधी नारा बुलन्द पारेर बनेको सरकारले अझै पनि मन्त्रीहरूको सम्पत्तिसमेत सार्वजनिक गर्न सकेको छैन ।

■■■

## आइजिपीको...

उनीहरूको बढुवा १५ वैशाख २०८२ मा भएको थियो । ठीक एक महिनापछि शाहको एआइजीमा बढुवा भएको हो ।

वरीयता सूचीको पहिलो नम्बरमा कार्की छन् । दोस्रो, तेस्रो र चौथो वरीयतामा क्रमशः अधिकारी, केसी र शाह छन् । उनीहरूमध्ये एक जना आइजिपी बन्ने छन्, जसले ७९ हजार ५४१ जना जनशक्ति भएको प्रहरी संगठनलाई नेतृत्व गर्ने छन् ।

२३ र २४ भदौको जेन-जी विद्रोहपछि गठित सुशीला कार्की नेतृत्वको सरकारको मुख्य कार्यभार प्रतिनिधिसभा चुनावसँगै सुशासन कायम गर्नुपर्ने छ । त्यसो हुँदा विगतमा सुशासन कायम गर्ने मामिलामा चर्चित उच्च प्रहरी अधिकृतलाई कार्की सरकारले आइजिपी नियुक्त गर्ने चर्चा छ । त्यस आधारमा आइजिपीको बलियो दाबेदारमा डा. केसी र कार्कीलाई हेरिएको छ ।

२०८० मा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख डा. केसी छँदा भुटानी शरणार्थीकाण्डको फाइल खोलिएको थियो । जतिबेला नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री थिए । उनी सुशासनको अभियान छेड्ने बताउँथे । नभन्दै दाहाल प्रधानमन्त्री भएकै बेला लामो समयदेखि उच्च राजनीतिक नेतृत्वको दबाबमा नखोलिएको फाइल डा. केसीले खोलेका थिए ।

त्यसक्रममा नेपाली कांग्रेसको भावी सभापतिको रूपमा हेरिएका कार्यवाहक प्रधानमन्त्रीसमेत भइसकेका बालकृष्ण खाण, पूर्वउपप्रधानमन्त्री तथा नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी, बहालवाला सचिव टेकनारायण पाण्डेलगायत उच्च राजनीतिक तथा प्रशासनिक नेतृत्वहरू पक्राउ परे । कांग्रेस नेतृ डा. आरजु राणा देउवानिकट मानिने बेचन झा पनि पक्राउ परेका थिए ।

पक्राउ परेकाहरूमाथि अनुसन्धान गरेर सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाउने कार्य त्यसबेलाका काठमाडौं प्रहरी परिसर प्रमुख कार्कीले गरेका थिए । यही काण्डको जसरी द्रुत गतिमा अनुसन्धानपछि अदालतमा मुद्दा पुग्यो, त्यसपछि दाहाल सरकार ढल्यो ।

सरकार ढलेसँगै एमाले अध्यक्ष केपी शर्मा ओली कांग्रेसको समर्थनमा प्रधानमन्त्री भए । त्यसपछि काठमाडौं उपत्यका अपराधन अनुसन्धान कार्यालयबाट केसी र प्रहरी परिसर काठमाडौंबाट कार्कीको सरुवा भयो । डा. केसी र कार्कीको सरुवालाई त्यसबेला संसद्मा विपक्षी माओवादीसहितका दलहरूले भुटानी शरणार्थीकाण्डको अनुसन्धान ढिसमिस गर्ने प्रयासको रूपमा अर्थ्याएका थिए ।

उनै केसी र कार्की २०८१ जेठमा डिआइजीमा बढुवा भएका थिए । बढुवापछि प्रहरी प्रधान कार्यालयको विशेष ब्युरोमा केसीको सरुवा भएको थियो । उनको टिमले त्यसबेला पनि एमाले उपाध्यक्ष रामबहादुर थापाका छोरा प्रतीकलाई पक्राउ गरेको थियो ।

अहिलेको सरकार सुशासनको एजेण्डाको जगमा गठन भएकाले एआइजीद्वय केसी र कार्कीमध्ये एक जना आइजिपी हुने चर्चा हुँदै आएको छ । केसी हाल केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) प्रमुख छन् । डिआइजी हुँदा सुरुमा विशेष ब्युरोको कमाण्ड सम्हाले । त्यसपछि प्रदेश समन्वय विभागको कमाण्ड सम्हाले ।

कार्की डिआइजी हुँदा लुम्बिनी प्रदेश प्रहरी प्रमुख भए । एआइजी भएपछि मानव स्रोत विकास प्रमुख भएका उनी जेन-जी विद्रोहपछि उपत्यका प्रहरी कार्यालयको नेतृत्वमा छन् ।

आइजिपीको प्रतिस्पर्धामै रहेका अधिकारी डिआइजी हुँदा कोशी प्रदेश प्रहरी प्रमुख भए । अहिले उनी मानव स्रोत विकास विभागका प्रमुख छन् । उनीहरू तीन जना १८ चैत २०५४ मा प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेका हुन् ।

आइजिपीका अर्का दाबेदार एआइजी शाह राष्ट्रिय अनुसन्धान विभागबाट आएका हुन् । हाल उनी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्रमुख छन् । एसएसपी पदमा उनी कार्की, केसी र अधिकारीभन्दा अगाडिको वरीयतामा थिए । उनी ५ पुस २०५३ मा अनुसन्धान अधिकृतबाट सेवामा प्रवेश गरेका थिए ।

■■■

## जापानमा...

'वर्कसपमा सहभागी हुन गएको थिएँ । त्यही सिलसिलामा संस्थागत काम गर्न भनेर पाँच दिन बसाइ लम्ब्याएँ,' उनले भने, 'दूतावासमा गएर राजदूतलाई एसएसडब्ल्यू खोल्नुपर्छ भनेर विस्तृत कुरा भएपछि उहाँहरूको सहकार्य र समन्वयमा काम सुरु भएको हो । सबै व्यवसायीलाई मागपत्र पेस गर्न अनुरोध छ ।'

अध्यक्ष गुरुङले जापानमा कार्यरत नेपाली कामदारहरूसँग भेटघाट गरेको पनि बताए । भेटमा व्यक्तिगत श्रम स्वीकृति लिएर जापान पुगेका अधिकांशले दुःख पाएको र समस्यामा परेकाहरूको दुःख बुझिदिने कोही नभएको पाएको उनले बताए । जापानमा व्यक्तिगत श्रम स्वीकृति लिएर जानेहरूको संख्या धेरै छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा २३ हजार ७१ जना जापान गएकामा एक हजार ५८१ जना संस्थागतरूपमा गएका थिए भने १७ हजार १६३ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएका थिए ।

जापान सरकारले एसएसडब्ल्यूमा १६ वटा क्षेत्र समेटेको छ । जसमा नर्सिङ तथा स्याहारसुसार, भवन सरसफाइ, व्यवस्थापन, औद्योगिक पार्टपुर्जा उत्पादन, अटोमोबाइल्स तथा यातायात व्यवसाय, उड्डयन क्षेत्र, रेल्वे, कृषि, काठ उद्योग, कच्चापदार्थ उद्योग आदि रहेका छन् ।

एसएसडब्ल्यूमा जान जापानी भाषाको आधारभूत परीक्षण वा जापानी भाषा दक्षता परीक्षाको लेभल चार उत्तीर्ण भएको हुनुपर्छ । नर्सिङ क्षेत्रमा आवेदन दिने व्यक्तिले भने नर्सिङ स्याहारसुसारसम्बन्धी छुट्टै जापानी भाषा मूल्यांकन परीक्षा उत्तीर्ण भएको हुनुपर्ने व्यवस्था छ ।

■■■

## तीन महिनामा...

साउन महिनामा १८, भदौमा २२ र सबैभन्दा कम तीन जनाको असोज महिनामा उद्धार तथा खोज गरिएको तथ्यांक छ ।

रोजगारीमा गएका श्रमिकका परिवारका सदस्य करार अवधिभित्र गम्भीर प्रकृतिका बिरामी परेर उपचार गराउन आर्थिक समस्या भए बोर्डले एकपटक ५० हजार रूपैयाँसम्म उपचार खर्च दिन्छ । परिवारमा कसैलाई पार्किन्सन, क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा अल्जाइमरजस्ता गम्भीर प्रकृतिका रोग लागे सहयोग पाइन्छ । यो तीन महिनामा १६६ जनाले पारिवारिक उपचार खर्च पाएका छन् । त्यस्तै रोजगारीको सिलसिलामा अंगभंग तथा गम्भीर बिरामी भएकाहरू २०५ जनाले आर्थिक सहायता पाएका छन् । जसमध्ये साउनमा ९०, भदौमा ७३ र असोजमा ४२ जना छन् ।

### बल्ल खुल्यो छात्रवृत्ति

बोर्डले चालु आवको सन्तति छात्रवृत्तिका लागि ढिलो सूचना निकाल्दा गएको तीन महिनासम्म कसैले पनि छात्रवृत्ति पाएका छैनन् । बोर्डले कात्तिक तीन गते छात्रवृत्तिको सूचना जारी गर्दै कात्तिक मसान्तभित्र आवेदन दिन भनेको छ । रोजगारीमा गएका श्रमिकको मृत्यु, अंगभंग या गम्भीर प्रकृतिको रोग लागेर बोर्डबाट सतप्रतिशत सहायता लिएकाहरूको सन्ततिलाई मात्र विद्यालयस्तरमा छात्रवृत्ति दिइन्छ । बोर्डले रोजगारीमा गएका व्यक्तिको आधारभूत तहमा अध्ययन गर्ने छोराछोरीलाई वार्षिक १२ हजार रूपैयाँ र माध्यमिक तहमा अध्ययन गर्नेलाई वार्षिक १६ हजार रूपैयाँ दिँदै आएको छ ।

## निर्वाचनका लागि...

हतियार र कैदी फिर्ता नभई चुनावको वातावरण बन्न सक्दैन । प्राजतन्त्रिक पार्टी हुनाका नाताले नेपाली कांग्रेस निर्वाचनबाट भाग्दैन । घातक हतियार र कैदीबन्दी बाहिर रहेकाले चुनावमा जाँदा आक्रमणको भय हुन सक्छ । अर्कोतर्फ सुरक्षाकर्मीको मनोबल खस्केको छ । तल्लो तहसम्मका प्रहरी चौकीमा क्षति भएकाले सुरक्षाकर्मीको बस्ने, खाने र काम गर्ने वातावरण बनिनसकेको अवस्था छ । यस्तो अवस्थामा शान्तिपूर्ण एवं निष्पक्ष चुनावको अपेक्षा गर्न सकिँदैन । राज्यले कम्तीमा हिंसात्मक घटनामा संलग्नमाथि कारबाहीको प्रक्रिया सुरु गर्नुपऱ्यो । जेलबाट फरार रहेका कैदीबन्दीलाई फिर्ता ल्याउन कार्यदल नै बनाएर काम गर्नुपर्छ । प्रहरीका लुटिएका हतियार कसरी फिर्ता ल्याउने भन्नेमा सरकार लाग्नु पऱ्यो ।

निर्वाचनको प्रमुख सरोकारवाला राजनीतिक दललाई विश्वासमा लिएर सरकारले अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ । यसअघि २०७९ सालमा जसरी हामीले चुनाव लडेर आएका थियौं, त्यही ढंगको चुनाव हुने हो भने यो परिवर्तनको अर्थ हुँदैन । मौजुदा संविधान संशोधन गरी निर्वाचन प्रणालीमा परिवर्तन गर्नुपर्छ । नत्र भने निर्वाचनपछि पुनः यसअघिकै अवस्था नहोला भन्न सकिन्न । अब हुने निर्वाचनबाट पनि अहिलेकै राजनीतिक शक्ति अनुमोदित हुने हुन् । त्यसो हुँदा संसद् विघटनको औचित्य पुष्टि हुँदैन । त्यसैले संसद् पुनर्स्थापना गरौं, संविधानमा आवश्यक संशोधन गरौं । 'जेन-जी'ले उठाएका मुद्दा यथाशक्य सम्बोधन गर्न कोसिस गरौं । त्यसपछि निर्वाचनमा जाँदा औचित्य रहन्छ ।

राज्यको खर्च १० अर्ब रूपैयाँसहित उम्मेदवारहरूले गर्नेसमेत जोड्दा खर्बौं रकम खर्च हुन्छ । त्यसबाट आउने परिणाम पुरानै हुने अनि त्यत्रो खर्च गरेर निर्वाचन गर्नुको औचित्यमाथि प्रश्न नउठ्ला भन्न सकिन्न । कांग्रेस पार्टीको बैठक यही कात्तिक १३ गतेदेखि सुरु हुन्छ । बैठकले स्पष्ट दृष्टिकोणसहित निर्वाचनलगायत समग्र मुद्दालाई सम्बोधन गर्ने नै छ ।

०००

### 'सरकारले दललाई विश्वासमा लिनुपर्छ, दलले सरकारलाई सहयोग गर्नुपर्छ'



माधव सापकोटा
नेकपा माओवादी केन्द्र

यो वा त्यो बहानामा सरकार र राजनीतिक दलले निर्वाचनलाई छल्न हुँदैन । निर्वाचनको वातावरण बनाउन लुटिएका हातहतियार र भागेका कैदीलाई नियन्त्रणमा लिन उच्च प्राथमिकता दिनुपर्छ । सरकारले जाँगरका साथ काम गर्‍यो भने त्यो असम्भव छैन । प्रहरीको मनोबल उच्च बनाएर सक्रियतापूर्वक परिचालन गर्न सक्दा त्यो काम सम्भव छ ।

लुटिएको हतियार र फरार कैदीलाई फिर्ता नल्याउँदा निर्वाचनमात्रै होइन, समाजको विद्यमान शान्तिसुरक्षा, अमनचयन र सामाजिक सद्भावमा समेत खलल पुग्न सक्छ । यसैलाई वहाना बनाएर चुनावको तिथिमिति तलमाथि गर्न पाइँदैन । निर्वाचन गर्नकै लागि दलहरूले अन्तरिम सरकार बनाएका हौं । राजनीतिक दलले सरकारलाई सहयोग गर्नुपर्छ । सरकारले राजनीतिक दलहरूसँग विश्वास कायम गरेर सहयोग लिनुपर्छ ।

सरकार, राजनीतिक दल र सरोकावाला पक्ष सबै मिलेर तोकिएको समयमा निर्वाचन गर्ने वातावरण बनाउनुपर्छ । माओवादीले केन्द्रीय समितिको बैठकले अहिलेको राजनीतिको निकास भनेको निर्वाचन हो, निर्वाचनको वातावरण बनाउनुपर्छ भन्ने निर्णय गरिसकेको छ । तत्कालै जनतामा जाने र निर्वाचनको वातावरण बनाउने कार्यक्रम तय गरिसकेका छौं । निर्वाचनको विकल्प छैन भन्ने पक्षमा माओवादी केन्द्र रहेको छ ।

०००

### 'सहजै जनताको माझमा जाने वातावरण हुनुपर्छ'



महेश बर्तौला
नेकपा एमाले

'जेन-जी' आन्दोलनपछिको अवस्थालाई संवैधानिक र लोकतान्त्रिक मार्गमा ल्याउन एकमात्र विधि भनेको निर्वाचन हो । अर्कोतर्फ अल्पआयुमा संसद्को विघटन भयो । त्यसको पुनर्स्थापना गर्ने हो । संसद्लाई लोकतान्त्रिक मार्गमा ल्याउने विधि भनेको निर्वाचन हो । निर्वाचनमा सहभागी हुने र परीक्षण हुनेमा एमाले कहिल्यै पनि भाग्दैन । निर्वाचनमा सहभागी हुन्छौं । निर्वाचनमा जनताले दिएको अभिमतअनुसारको भूमिका निर्वाह गर्नेछौं । जनअभिमत स्वीकार गर्छौं ।

हरेक राजनीतिक पार्टीले आफ्नो विचार, दृष्टिकोण र उम्मेदवारमार्फत जनताका माझमा सहज ढंगले जान पाउनुपर्छ । यसैगरी मतदाताले पनि भयरहित वातावरणका बीच आफूले मन पराएको व्यक्तिलाई मतदान केन्द्रमा गएर चुन्न र चुनिन मत खसाल्न पाउनुपर्छ ।

समग्रमा राजनीतिक पार्टी र आमजनतालाई विश्वासमा लिई निष्पक्ष, धाँधलीरहित र स्वतन्त्र ढंगबाट निर्वाचनको वातावरण तयार गर्ने जिम्मेवारी सरकारको हो । सरकारले राजनीतिक दलहरूलाई विश्वासमा लिनुपर्नेमा त्यसो हुन नसकेको हो कि भन्ने आशंका छ ।

सरकारले निर्वाचनको वातावरण बनाओस्, लुटिएका हतियार फिर्ता ल्याउने कार्य प्राथमिकतामा राखोस्, फरार कैदीबन्दीलाई पक्राउ गरोस् । यसअघि २०६२/६३ को आन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै तोकिएको समयमा निर्वाचन हुनुपर्छ । सरकार, राजनीतिक दल तथा आमजनताबीच विश्वासको वातावरण तयार गरी मुलुकलाई राजनीतिक निकास दिन इमानदारीपूर्वक सबैले काम गर्नुपर्छ ।

■■■

### 'निर्वाचनका लागि शान्ति सुरक्षाको प्रत्याभूति हुनुपर्छ'



रामप्रकाश चौधरी
लोकतान्त्रिक समाजवादी

निर्वाचनका लागि शान्तिसुरक्षाको प्रत्याभूति हुनुपर्छ । लुटिएका हतियारबाहिर हुँदा शान्तिपूर्ण ढंगबाट निर्वाचन होला जस्तो लाग्दैन । सबैभन्दा पहिला ती हतियार जफत गर्नुपऱ्यो, फरार कैदीलाई समात्नुपऱ्यो । शान्तिसुरक्षाको अवस्था सुनिश्चित गर्नुपऱ्यो । त्यसो नहुँदासम्म निर्वाचनको वातावरण बन्लाजस्तो लाग्दैन ।

निर्वाचन प्रक्रियामार्फत स्थापित राजनीतिक दल तथा नेताहरू निर्वाचनबाट भाग्ने प्रश्नै आउँदैन, तर निर्वाचनका लागि सहज वातावरण हुनुपऱ्यो । मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमलाई हेर्दा यसअघिका गल्ती कमीकमजोरीबाट पाठ सिकेर राजनीतिक दलसहित जनता पनि सुध्रिनपऱ्यो । राज्यका सम्पत्ति ध्वस्त पारेर राज्य बलियो हुन सक्दैन । हत्या, हिंसा, लुटपाट, तोडफोड, आगजनीजस्ता अमानवीय एवं अराजक गतिविधिको विराध गरी संलग्न जोकोहीलाई सख्त कारबाही गर्नुपऱ्यो ।

०००

### 'व्यक्ति दोषी, सजाय व्यवस्थामाथि हुनुहुँदैन'



चित्रबहादुर केसी
राष्ट्रिय जनमोर्चा

'जेन-जी' समूहले उठाएका भ्रष्टाचार नियन्त्रण र सुशासनको माग स्वाभाविक भए पनि मुलुकका महत्त्वपूर्ण राष्ट्रिय सम्पत्तिमाथि तोडफोड र आगजनी गर्ने कार्य गलत भएको छ । भ्रष्टाचार गर्नेलाई कारबाहीको दायरामा ल्याउन सकिन्छ । त्यसका नाममा जनताको करबाट निर्माण गरिएका संरचनामा क्षति पुगेको छ ।

यस्तो हर्कत नेपाली नागरिकले गर्न सक्दैनन् । त्यसमा विदेशी घुसपैठ भएको हुनसक्छ । यस्ता अराजक घटनाक्रमले लोकतन्त्र र गणतन्त्रलाई बलियो बनाउँदैन । व्यक्ति विशेषले गलत गर्ने तर त्यसको सजाय लोकतन्त्र र गणतन्त्रले भोग्नुपर्ने भन्ने हुन सक्दैन । मुलुकमा विकसित पछिल्लो घटनाक्रमबारे छिट्टै बस्ने पार्टी केन्द्रीय कमिटी बैठकले दृष्टिकोण सार्वजनिक गर्ने छ । *रासस*


**कतारमा रोजगार** कम्पनी : MARGO TRADING CONSTRUCTION AND SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०७/१० LT. No. 328052 चलानी नं. ६०२४१९१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 1100 | ४२,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 9 | 0 | 1000 | ३८,७५० | | | | | | | |
| 3 | Mason (Nepal) | 9 | 0 | 1100 | ४२,६२४ | | | | | | | |
| 4 | Brick Mason/Plaster Worker | 5 | 0 | 1100 | ४२,६२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १८ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CIS License No.: 646/063/064
Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**साउदीमा रोजगारको अवसर** कम्पनी : LATIFA BINT KHALID BIN ABDULLAH AL-MAHAOUSH GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/१० LT. No. 332747 चलानी नं. ६०२४६५०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constructing Worker | 2 | 0 | 1000 | ३७,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १८ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** कम्पनी : SUHUL AL KHALIJ GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ LT. No. 332751 चलानी नं. ६०२४६४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading Workers | 3 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PURE AIR INDUSTRIAL GASES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/०९ LT. No. 332750 चलानी नं. ६०२४६४९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading Workers | 1 | 0 | 2000 | ७४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



**कुवेतमा रोजगार** कम्पनी : KHALID ALI ALKHARAFI & BROS CO. FOR CONSTRUCTION &CONTRACTING K.S.C.C शहर : Al Ardiya Industrial Area

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१० LT. No. 318229 चलानी नं. ६०२३२५६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 15 | 0 | 95 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Land Seveyor | 3 | 0 | 500 | २२८,५६५ | | | | | | | |
| 3 | Driver | 3 | 0 | 180 | ८२,२८० | | | | | | | |
| 4 | Facbrication Foreman | 4 | 0 | 280 | १२७,९९५ | | | | | | | |
| 5 | Cnc Router Machine Operator | 2 | 0 | 180 | ८२,२८० | | | | | | | |
| 6 | Fabricator | 20 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 7 | Erector | 15 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 8 | Safety Officer | 3 | 0 | 380 | १७३,७१० | | | | | | | |
| 9 | Steel Fitter | 20 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 10 | Welder | 15 | 0 | 110 | ५०,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : FIRST INDUSTRIES COMPANY FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०५/२० पुन विज्ञापन मिति : २०८२/०७/१० LT. No. 330799 चलानी नं. ६०२४४५६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Installer | 10 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NILE WORLD TAILORING EST FOR MEN'S TAILORING

पूर्व स्वीकृति मिति : २०८२/०५/०८ पुन विज्ञापन मिति : २०८२/०७/१० LT. No. 329902 चलानी नं. ६०२४३७२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Men's general tailor | 2 | 0 | 1300 | ४८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२



**कतार/कुवेतमा रोजगार** कम्पनी : LIGHT FIELDS FOODSTUFF COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१० LT. No. 328202 चलानी नं. ६०२४२१४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 5 | 0 | 1350 | ५१,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LIVE LIFE RESTAURANT & CAFE CO

पूर्व स्वीकृति मिति : २०८०/१२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१० LT. No. 301603 चलानी नं. ६०२१६४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEF ASSISTANT/COOK | 7 | 0 | 150 | ६८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WAITRESS | 0 | 3 | 130 | ५९,४२५ | | | | | | | |

कम्पनी : LIGHT FIELDS FOODSTUFF COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१० LT. No. 331028 चलानी नं. ६०२४४७३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 110 | ५०,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BUTCHER | 3 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 3 | DATA ENTRY OPERATOR | 2 | 0 | 150 | ६८,५७० | | | | | | | |
| 4 | COMMIS BAKER | 5 | 0 | 160 | ७३,१४० | | | | | | | |
| 5 | ASSIST COOK | 10 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 6 | STORE KEEPER | 2 | 0 | 170 | ७७,७१० | | | | | | | |
| 7 | DRIVER (LIGHT DRIVER) | 5 | 0 | 150 | ६८,५७० | | | | | | | |
| 8 | ASSISTANT CHEF (ASST. COOK) | 4 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 9 | BARISTA | 2 | 0 | 140 | ६३,९९५ | | | | | | | |
| 10 | DEMI CHEF PARTY (DCDP) (COOK) | 7 | 0 | 230 | १०५,१४० | | | | | | | |
| 11 | CHEF DE PARTY (CDP) (COOK) | 7 | 0 | 250 | ११४,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# तस्बिरमा छठीमाताको पूजा



















१) राष्ट्रपति रामचन्द्र पौडेल काठमाडौंको गुह्येश्वरीस्थित गौरीघाटमा सोमबार छठ मातालाई अर्घ्य दिँदै ।
२) प्रधानमन्त्री सुशीला कार्की सोमबार छठ पर्वको दिन कमलपोखरीमा छठीमाताको पूजाआजा गर्दै ।
३) छठ पर्वको मुख्य दिन सोमबार धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–४ कुम्हरौलस्थित थानपोखरीमा अस्ताउँदो सूर्यलाई भाकल गरेअनुसार पूजाअर्चना गर्दै व्रतालु ।
४) सोमबार काठमाडौंको गुह्येश्वरीस्थित बागमती नदी किनारमा छठ पूजा गर्दै व्रतालु ।
५) धनुषाको विदेह नगरपालिका–८ बफैको साहेवजी पोखरीमा सोमबार अस्ताउँदो सूर्यको आराधना गर्दै व्रतालु ।
६) महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका–१ मा अवस्थित बरूण सरोवरमा सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्न व्रतालुहरूले सजाएर राखेका पूजा सामग्री ।

*तस्बिरहरू: रासस*

# 'तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्ने सरकार प्रतिबद्ध'



■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले वर्तमान सरकार आगामी फागुन २१ गतेका लागि घोषित प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न प्रतिबद्धताका साथ लागिपरेको बताएका छन् ।

ललितपुरको इमाडोलस्थित (इभी दह) बोजेपोखरीमा छठ पूजा व्यवस्थापन समाजले सोमबार आयोजना गरेको छठ पूजा कार्यक्रममा मन्त्री खरेलले निर्वाचन सफल बनाउन र मुलुकमा सुशासन कायम तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताए ।

सञ्चारमन्त्री खरेलले भने, 'अहिलेको सरकार खासगरी निर्वाचन गर्ने सन्दर्भमा, सुशासन कायम गरेर भ्रष्टाचार नियन्त्रण गर्ने तथा जेन-जी आन्दोलनको क्रममा भएको धनजनको क्षतिको अनुसन्धान गरी कारबाहीको प्रक्रिया अगाडि बढाउन लागेको छ ।'

मन्त्री खरेलले छठ पर्व सम्पूर्ण नेपालीहरूको राष्ट्रिय गौरव र आत्मीयताको पर्व रहेको उल्लेख गरे । 'छठ तराई-मधेसवासीको मात्रै पर्व रहेन । यो सम्पूर्ण नेपालीहरूको राष्ट्रिय गौरव, आत्मीयताको पर्व र पवित्रताको प्रतीक पनि रहेको छ,' उनले भने ।

उनले सोमबार साँझ बोजेपोखरीमा आयोजित छठ पूजामा सहभागी भई छठी माताको दर्शन गर्नुका साथै पूजा आराधना गरे । साथै उनले छठ पूजा कार्यक्रमको अवलोकनसमेत गरे । सञ्चारमन्त्रीलाई छठ पूजा व्यवस्थापन समाजका पदाधिकारी र स्थानीयले स्वागत गरेका थिए । कार्यक्रममा महालक्ष्मी नगरपालिकाकी उपप्रमुख लक्ष्मी महर्जनको पनि उपस्थिति थियो ।

छठ पूजा व्यवस्थापन समाजका अध्यक्ष उमेश्वर यादवले विगतका वर्षदेखि नै बोजेपोखरीमा छठ पूजा गरिँदै आएको बताए । उनले छठ पूजा प्रकृतिको पूजा खासगरी मानव मानवलाई जोड्ने माध्यम भएको उल्लेख गरे ।

अध्यक्ष यादवले बोजेपोखरीमा बर्सेनि धेरै संख्यामा भक्तजनहरू आउने भएकाले घाट साँघुरो हुँदा पूजा व्यवस्थापनमा समस्या भइरहेको भन्दै यसलाई आगामी दिनमा थप प्रभावकारी बनाइनुपर्नेमा जोड दिए ।

महालक्ष्मी नगरपालिका-३, बोजेपोखरी संरक्षण तथा विकास समिति र बोजेपोखरी खानेपानी तथा सरसफाइ समितिको सहकार्यमा समाजले छठ पूजा आयोजना गरेको हो ।


## साउदीमा रोजगार

कम्पनी : KHALED MAHDI AL-ZULAIQ GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332720 | चलानी नं.६०२४६४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. | श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा रोजगार

कम्पनी : GUARDIAN SECURITY CONSULTANTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१० | LT. No. 303907 | चलानी नं. ६०२१९०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 55 | 0 | 1500 | ५०,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD. | श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कुवेतमा रोजगार

कम्पनी : DAAWAT KUWAIT RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332718 | चलानी नं. ६०२४६४९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 8 | 0 | 120 | ५४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef Cook (Sweet Maker/ Baker Man) | 5 | 0 | 150 | ६८,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — Target Consultant Human Resources Pvt. Ltd. | श्रम ईजाजत नं. ८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/ 01591125, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## जापानमा रोजगार

कम्पनी : WATO KORYU COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332703 | चलानी नं. ६०२४६४७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 198000 | १८१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332702 | चलानी नं. ६०२४६४७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WELL DRILLING WORKER | 3 | 0 | 181065 | १६५,९९० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD | श्रम ईजाजत नं. १६३७/०८०/८१
KMC-26, Samakhusi, Kathmandu, Nepal, Tel: 01-5919792, Mobile: +9779856006311,
WhatsApp: +977-9856006311, E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com



## धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/११ (प्रभाव दैनिक)**

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको साँवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा ऋणीले समेत आफुले लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संस्था आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिलः**

| क्र.स. | ऋणीको नाम, थर र ठेगाना | धितोको विवरण |
|---|---|---|
| १. | **नाम : सबिता श्रेष्ठ**<br>**ना.प्र.नं.: ३२४६, काठमाण्डौं**<br>**जारी मिति : २०६०/०६/०६**<br>**बाबु : भाईलाल श्रेष्ठ**<br>**बाजे : कृष्ण बहादुर श्रेष्ठ**<br>**ठेगाना : दक्षिणकाली–०२, काठमाण्डौं ५** | निज ऋणी सबिता श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल न.पा वडा नं ६ कित्ता नं ३१९ को क्षेत्रफल १५३.६१ ब.मी. सो जग्गाले चर्चेको लिगलगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फारम यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रु ५००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको ग्लोबल आइएमई बैंकको तिनकुने शाखामा रहेको खाता नं. P५०१०१००००४२५ मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्युनतम मुल्याकंन सम्बन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको प्रधान कार्यालय कोटेश्वर काठमाण्डौमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ । साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाईनेछैन ।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित भएको मितिले ३६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संस्थाको प्रधान कार्यालय कोटेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । यदि ३६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ३५ दिन सम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।

**सदस्य सेवा** बचत तथा ऋण सहकारी संस्था लि.
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.
प्रधान कार्यालय: का.म.न.पा.-३२, कोटेश्वर
फोन नं : ०१-५१४४०४८, ५१४४४७४



## बीमालेख हराएको सूचना

मिति २०८२/०६/२९ गते दोलखा देखि काठमाण्डौसम्म जाँदा मेरो निम्न व्यहोरा भएको एलआइसी नेपालबाट जारी बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम थर** : **नवराज बस्नेत**
**ठेगाना** : **दोलखा**
**बीमालेख नं.** : **११००२४२३०**
**सम्पर्क नं.** : **९८६४४६३९५५**



## लाइसेन्स तथा परिचय पत्र हराएको सूचना

मिति २०८२।०६।३० गते दैलेखको पेट्रोलखानी देखि सुर्खेत हुंदै भैरहवासम्म आउँदा पर्स हराएको र त्यस पर्सभित्र तपसिलमा उल्लेखित कागजपत्रहरू हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा उल्लेखित ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**तपसिल**
१. दिपक सिलवाल, खैरहनि न.पा.-२, चितवन, मो.नं. ९८४५०४७९३५ को नाममा भएको,
१. लाइसेन्स नं. ०२-०५-००८८१८०२
२. राष्ट्रिय परिचय पत्र नं. ९४२-६३८-०९७०
३. ATM Card (४ वटा)
४. अन्य कागजपत्र, फोटो र केही नगद रकम ।

**नोट** : यी माथिका उल्लेखित कागजपत्रहरू भेट्नु वा पाउनुहुने महानुभावले फिर्ता गरी दिएमा पर्समा भएको रकम र सम्मान (पुरस्कार) स्वरूप केही रकम थप गरी प्रदान गरिनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# फरार कैदीबन्दी फर्काउन 'डिजिटल मिडिया' उपयोग

जेन-जी प्रदर्शनको मौका छोपी फरार भएका कैदीबन्दी नफर्कंदा सरकारलाई टाउको दुखाइको विषय बनेको छ । विशेषगरी फागुन २१ गते घोषणा भएको निर्वाचनमा ती कैदीबन्दीबाट सुरक्षा खतरा हुनसक्ने राजनीनित दलका नेताहरूले संकेत गरिरहेका छन् । यसैले पनि सरकारले उनीहरूलाई कारागार फर्काउन अनेक उपाय लगाउन थालेका छन् । त्यसको पछिल्लो उपाय हो– सार्वजनिक स्थानमा फोटो टाँस्ने । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेले नै यस्ता फरार कैदीको फोटो सार्वजनिक स्थानमा टाँस्ने अभिव्यक्ति दिएका हुन् ।

जेन-जी प्रदर्शनका क्रममा देशभरका २८ वटा कारागारबाट १३ हजार ५८५ कैदी र नौवटा बाल सुधारगृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५४९ बन्दी भागेका थिए । तीमध्ये हालसम्म नौ कैदी र ५८२ बालबन्दी गरी कूल नौ हजार ५८२ बन्दी कारागार फर्केका छन् । बाँकी कैदीलाई फर्कन सरकारले विभागले पटक-पटक अल्टिमेटम पनि नदिएको हैन । तर विभागले सार्वजनिक स्थानमा फोटो नै टाँस्ने गरी गर्न लागेको प्रपञ्च भने ठीक देखिन्न । एक त अपराध स्वीकार गरी सजाय भुक्तानीको क्रममा रहेका नागरिकलाई यसरी सार्वजनिक बेइज्जत गर्नु ठीक होइन भने अर्को नागरिकको सामान्य हकअधिकारको विषयमा पनि सरकारले सोच्नुपर्दछ ।

यसका लागि विभागले सामाजिक सञ्जालदेखि सार्वजनिक सञ्चारमाध्यममा सूचना प्रवाह गराउँदा राम्रो हुन्छ । जस्तो जेल सजाय भुक्तान गर्नैपर्छ । जुनसुकै बेला बाँकी सजाय भुक्तान गर्नैपर्ने भएकाले सम्बन्धित कैदीको परिवारलाई फोनमार्फत जानकारी गराउने र पछि पक्रिँदा थप सजाय हुनसक्ने भन्दै सूचना प्रवाह गर्दा सौहर्द्रपूर्ण वातावरण बन्छ ।

भदौ २३ र २४ गतेको परिस्थिति यति डरलाग्दो थियो कि उक्त प्रदर्शनमा आत्तिएर भाग्ने क्रममा केही १० जना कैदीबन्दीको मृत्यु नै भयो । कारागारमासमेत यस्तो आतंक देखिएपछि कतिपयलाई डरसमेत लागेको हुनसक्छ । यस्तो अवस्थामा परिवारलाईसमेत विश्वस्त बनाएर कैदीलाई कारागार फर्काउने सहज वातावरण बनाउने काम विभागको हो । त्यसैगरी देशभरका प्रहरी कार्यालयहरूको पनि हो ।

हाम्रो अर्को समस्या हो खुला सिमाना । जसकारण कतिपय कैदीहरू छिमेकी देशमा पनि पुगेको हुनसक्छ । अहिले सामाजिक सञ्जालमार्फत कारण कतिपयलाई यस्ता सूचना क्षणभरमै पुऱ्याउन सकिन्छ । कारागार फर्काएर चाँडोभन्दा चाँडो भुक्तान सकाउने वा समयमा फर्कनलेलाई छुटसमेत दिने योजना ल्याए विभागलाई अझ सहज हुन्छ । यसैले सार्वजनिक रूपमा फोटो राख्नुभन्दा परिवारलाई मनाउने र प्रेरक सूचनाहरू प्रवाह गराउँदा उत्तम हुन्छ ।

# गुलियो कति खाने ?



डा. प्रकाशराज रेग्मी

भर्खरै तिहार पर्व मनाएका छौं । तिहारमा हामीले खाएका सेल रोटी, फिनी, अर्सा, अनारसा, झिलंगी आदि घिउ वा तेलमा पकाएको हुनाले त्यसमा स्वभावतः चिल्लो तथा गुलियोको मात्रा धेरै हुन्छ । अहिले सेल रोटी वा अन्य परिकारहरू घरमा पकाउनेभन्दा पनि बजारबाट खरिद गर्ने चलन सुरु भएको छ भने सेल रोटीको ठाउँमा अन्य मिठाईसमेत प्रयोग गर्न थालिएको छ । उच्च रक्तचाप, मधुमेह, उच्च रक्त कोलेस्टेरोल, मोटोपना, हृदयघात, मस्तिष्कघात, थाइराइड, क्यान्सरजस्ता जटिल स्वास्थ्य समस्याहरूको सुरुआत 'इन्सुलिन रेजिन्स्टेन्ट सिन्ड्रोम' हो र यो गुलियो धेरै खाँदा उत्पन्न हुन्छ । त्यसैले चाडवाडको बेला धेरै परिकारमा गुलियोको प्रयोग हुने हुँदा शरीरमा चिनीको मात्रा बढ्न गई कोलेस्टेरोल बढाउँछ, रक्तचाप/मधुमेह/अम्लपित्त आदिको समस्या ल्याउन सक्दछ ।

हाम्रो समाजमा एउटा प्रचलित भनाइ छ- 'रातो राम्रो, गुलियो मीठो ।' सबैलाई मीठो खान मन पर्छ । धेरैलाई गुलियो खानेकुरा मीठो लाग्छ । मीठो भनेकै गुलियो हो भन्ने धेरैजनाको बुझाइ पाइन्छ । स्वास्थ्यका दृष्टिकोणले गुलियो खानेकुरा कति लाभदायी छ र यो कति खाने भन्नेबारे यहाँ संक्षेपमा वर्णन गर्ने प्रयास गरिएको छ । 'गुलियो' एउटा स्वाद हो । यो स्वाद चिनी मिसिएका खानेकुरामा पाइन्छ । प्राकृतिक स्रोतबाट बनेको चिनी फलफूल, तरकारी र अन्नहरूमा पाइन्छ । उद्योगहरूले उत्पादन गर्ने चिनी कृत्रिम हो र यो धेरै प्रकारको हुन्छ । मीठो स्वाद दिनका लागि हामीले चिया, कफी, दूध, सर्बत, रोटी, मिठाईलगायत धेरै खानेकुराहरूमा चिनी मिसाउने गर्दछौं । उद्योगहरूले उत्पादन गर्ने तयारी खानेकुराहरू जस्तै- बिस्कुट, केक, कुकिज आदि र बोतलमा बन्द गरिएका पेय पदार्थहरू जस्तै- कोक, फचान्टाहरूमा धेरै मात्रामा चिनी मिसाइएको हुन्छ । यस्ता गुलिया खानेकुराहरू स्वास्थ्यका लागि हानिकारक हुन्छन् ।

चिनी कार्बोहाइड्रेट्स समूहको खाद्यपदार्थभित्र पर्दछ । चिनीका विभिन्न रूप र नामहरू छन् । ती हुन् ग्लुकोज, फ्रुक्टोज, सुक्रोज, डेक्सट्रोज, ल्याक्टोज, गालाक्टोज, माल्टोज, सेलुलोज आदि । यिनीहरूमध्ये ग्लुकोज, फ्रुक्टोज र गालाक्टोज अलि हलुका र साधारण प्रकृतिका चिनीहरू हुन्, जसलाई मोनोस्याकाराइड भनिन्छ । यिनीहरू सजिलै पानीमा घुलिन्छन् र यिनीहरूबाट तुरुन्तै ऊर्जा प्राप्त हुन्छ । अलि गह्रुंगा र जटिल प्रकृतिका चिनीहरूको समूहमा सुक्रोज, ल्याक्टोज, माल्टोज, सेलुलोज, स्टार्च आदि पर्दछन् । यिनीहरू दुई वा सोभन्दा बढी मोनोस्याकाराइड मिलेर बनेका हुन्छन् । जस्तै- ग्लुकोज र फ्रुक्टोज मिलेर सुक्रोज बन्दछ ।

ग्लुकोज र गालाक्टोज मिलेर ल्याक्टोज बन्दछ । यस्तै प्रकारले दुईवटा ग्लुकोज मिलेर माल्टोज बन्दछ । यी जटिल चिनीहरू हाम्रो शरीरभित्र पाचनरसको असरबाट ग्लुकोजमा टुक्रिन्छन् । मह, फलफूल र तरकारी प्राकृतिक चिनीका महत्त्वपूर्ण स्रोतहरू हुन् । उखुमा सुक्रोज हुन्छ । उखुलाई पेलेर यसबाट निस्किएको रसलाई प्रशोधन गरी उद्योगहरूले चिनीको उत्पादन गर्दछन्, जुन टेबल चिनीको रूपमा सबैको घर-घरमा पुग्दछ । यो चिनीलाई चिया, रोटी, मिठाई, पेयपदार्थ आदिमा मिसाई मीठो मानेर खाइन्छ । ल्याक्टोज यस्तो चिनी हो, जुन वनस्पतिबाट निकाल्न सकिँदैन । यो दूधमा मात्र पाइन्छ । विश्वमा मान्छेले अत्यन्तै ठूलो मात्रामा चिनीको खपत गर्दछन् । एउटा व्यक्तिले बर्सेनि सरदर २४ किलो चिनी खपत गर्दछ । अमेरिकीहरूले यसको दोब्बर मात्रामा अर्थात् बर्सेनि ५० किलोसम्म चिनीको खपत गर्दछन् । धेरै मात्रामा चिनीको उपभोग गर्नाले मोटोपना, मधुमेह, मुटुरोगजस्ता स्वास्थ्य समस्याहरू उत्पन्न हुन्छन् । विश्वमा चिनी नखाने कुनै जात, वर्ग, लिंग छैन ।

विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रत्येक व्यक्तिले आफूलाई आवश्यक दैनिक ऊर्जा (क्यालोरी) को पाँच प्रतिशतसम्म मात्र चिनीको उपभोग गर्नुपर्दछ । यो भनेको दुई हजार क्यालोरी ऊर्जा चाहिने व्यक्तिले १०० क्यालोरीसम्म ऊर्जा दिने मात्रामा चिनी खानुपर्छ । एक ग्राम चिनीले चार क्यालोरी ऊर्जा दिन्छ । २५ ग्राम चिनीले १०० क्यालोरी ऊर्जा दिन्छ । २५ ग्राम भनेको पाँच चिया चम्चा हो । यस प्रकार दुई हजार क्यालोरी ऊर्जा बराबरको खाना खाने व्यक्तिले दैनिक पाँच चिया चम्चासम्म मात्र चिनीको उपभोग गर्नु स्वास्थ्यवर्द्धक मानिन्छ । यसभन्दा बढी चिनीले विभिन्न रोग उत्पन्न गराउन सक्छ । हामीले एक कप चियामा दुई चम्चा चिनी हाल्छौं । दिनमा चार-पाँच कप चिया खाँदा ८-१० चम्चा चिनी हुन जान्छ । पाँच सय मिलिलिटरको मझौला कोकाकोलामा १२ चम्चा चिनी हुन्छ । आधा कप आइसक्रिममा पाँच चम्चा चिनी हुन्छ । एउटा रसवरी वा लालमोहनमा चार चम्चा चिनी हुन्छ । यस प्रकार हामीले सजिलै बुझ्न सक्छौं कि विचार नगरी खाने हो भने हामीले आवश्यकभन्दा धेरै गुणा बढी मात्रामा चिनी खाइराखेका हुन्छौं । यसैको एउटा नतिजा हो नसर्ने रोगहरू जस्तै- अति मोटोपना, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, मानसिक रोग आदि बढ्दै जानु ।

### चिनी, पाचन प्रणाली र इन्सुलिन

खानाको रूपमा मुखभित्र पसेपछि विभिन्न पाचनरस (इन्जाइम) को असरबाट जटिल चिनी साधारण चिनीहरूमा टुक्रिन्छन् । ल्याक्टोजलाई ल्याक्टाजले, माल्टोजलाई माल्टाजले र सुक्रोजलाई सुक्राजले टुक्र्याइदिन्छ । यिनीहरूबाट शरीरमा ग्लुकोज, फ्रुक्टोज र गालाक्टोज बन्दछन्, जसले ऊर्जा प्रदान गर्दछन् । अन्तिममा गएर फ्रुक्टोज र गालाक्टोज पनि ग्लुकोजकै रूपमा परिवर्तन हुन्छन्, जुन शरीरले ऊर्जाको रूपमा प्रयोग गर्छ । प्रयोग नभएको ग्लुकोज, फ्रुक्टोज र गालाक्टोज कलेजो र मांसपेशीमा सञ्चित भएर रहन्छन् । यिनीहरू अत्यधिक मात्रामा जम्मा भएमा बोसोमा परिवर्तन भई पेट र अन्य भागहरूमा जम्मा हुन्छन् । ग्लुकोजलाई ऊर्जामा परिवर्तन गर्न इन्सुलिन नामक हर्मोनको आवश्यकता पर्दछ । इन्सुलिनले ग्लुकोजलाई कोशिकाभित्र पठाउन मद्दत गर्छ, जहाँ ग्लुकोजबाट ऊर्जा उपन्न हुन्छ । इन्सुलिन भएन भने ग्लुकोज कोशिकाभित्र पस्न सक्दैन र रगतमै जम्मा भइरहन्छ । ग्लुकोजको मात्रा रगतमा बढ्दै जाने रोगलाई मधुमेह भनिन्छ ।

### चिनीको लतको जोखिम

रक्सी र चुरोटमा जस्तै चिनी, गुलियो खानेकुराहरू र प्रशोधित कार्बोहाइड्रेट्सयुक्त खानेकुराहरूमा पनि लत बस्छ । गुलियो वा कार्बोहाइड्रेट्स धेरै भएको खानेकुरा खाने बानी परेपछि त्यो खाइराख्न मन लाग्छ । चकलेट, आलु, केक, आइसक्रिम, बिस्कुट आदि खाने बानी परेपछि यसमा लत बस्छ । यस्तो लत हिजोआजका बालबालिका र युवायुवतीहरूमध्ये धेरैमा बसेको देखिन्छ । लत बसेको खानेकुरा छिन-छिनमा खाइराख्न मन लाग्छ । यस्तो लतले शारीरिक तथा मानसिक दुवै प्रकारको स्वास्थ्य समस्या उत्पन्न गराउँछ ।

गुलियो खानेबित्तिकै यसलाई पचाउन शरीरमा इन्सुलिन निस्किन्छ । छिन-छिनमा खाने बानीले इन्सुलिन पनि छिटो-छिटो निस्किनुपर्ने हुन्छ । यसो हुँदा शरीरमा धेरै मात्रामा इन्सुलिन जम्मा हुन पुग्छ र यसको काम गर्ने क्षमता कमजोर भएर जान्छ । इन्सुलिन थाक्छ । यसै समयमा तनावको हर्मोन अर्थात् कोर्टिजोल उत्पादन हुन्छ । गुलियो खाने बानीले तनाव उत्पन्न गराउँछ र पछि गएर मान्छे डिप्रेसनको सिकार हुन सक्छ ।

### चिनी र स्वास्थ्य समस्याहरु के हुन सक्छन् ?

गुलियो खानेकुरा खानै हुँदैन भन्ने होइन । स्वस्थ व्यक्तिले ठीक मात्रामा खाँदा गुलियोले खासै बेफाइदा गर्दैन । हाम्रो खानामा कार्बोहाइड्रेट्स बढी हुन्छ । हामीले दुई छाक भात खान्छौं । यसैबाट प्रशस्त मात्रामा शरीरलाई चाहिने ग्लुकोज र ऊर्जा प्राप्त हुन्छ । यसमाथि थप गुलियो खाना वा चिनी खायो भने शरीरलाई चाहिनेभन्दा बढी ऊर्जा जम्मा हुन्छ, जसका कारण मोटोपना बढ्छ । आवश्यकभन्दा बढी क्यालोरी खाने गऱ्यो भने मोटोपना, मधुमेह, मुटुरोग, क्यान्सर, दाँतका रोगहरू, कलेजोमा बोसो जम्ने, मानसिक तनाव, डिप्रेसनजस्ता स्वास्थ्य समस्याहरू उत्पन्न हुने सम्भावना बढेर जान्छ । शरीरलाई आवश्यकभन्दा बढी क्यालोरी दिने खाना नखाने र आहारलाई सबै थरीका पौष्टिक तत्त्वहरूसहितको सन्तुलित बनाउने प्रयास सबैले गर्नुपर्छ ।

मोटोपना घटाउनका लागि गुलियो खान छोड्नुपर्छ । यस्तै प्रकारले मधुमेह रोगबाट पीडितहरूले पनि क्यालोरीको हिसाब गरेर कम कार्बोहाइड्रेट्सयुक्त खाना खानु उचित हुन्छ । मुटुरोगीहरूका लागि चिल्लोभन्दा गुलियो खाना बढी हानिकारक हुन्छ । धेरै मानिसलाई चिल्लो पदार्थ रक्तनलीमा गएर जम्छ र हृदयघात हुन्छ भन्ने भ्रम भएको पाइन्छ । वास्तवमा भन्ने हो भने धेरै गुलियो खाएर यसबाट शरीरभित्र बन्ने बोसोले हृदयघातको सम्भावनालाई बढाउँछ । खानामा भएको खराब चिल्लो (ट्रान्स फ्याट) ले अवश्य हानि गर्दछ तर असल चिल्लो (घिउ, दूध, दही, माछा, मासु) आदि ठीक मात्रामा खाँदा स्वास्थ्यलाई फाइदा गर्छ । यस कारण भनेको हो- घिउ खान डराउनु पर्दैन, बरु चिनी खान डराउनुपर्दछ । हिजोआज धेरैलाई नसर्ने रोगहरूको समस्या छ । गुलियो र प्रशोधित कार्बोहाइड्रेट्स धेरै भएको खाना खाएमा रोग लाग्ने सम्भावना बढ्छ । स्वस्थ रहन सन्तुलित भोजन लिनुका साथै चिनी मिसाइएको र प्रशोधन गरिएको कार्बोहाइड्रेट्सयुक्त खाना सकेसम्म कम मात्रामा उपभोग गर्नुपर्दछ । *रासस*

***(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन्)***

> गुलियो खानेकुरा खानै हुँदैन भन्ने होइन । स्वस्थ व्यक्तिले ठीक मात्रामा खाँदा गुलियोले खासै बेफाइदा गर्दैन । हाम्रो खानामा कार्बोहाइड्रेट्स बढी हुन्छ । हामीले दुई छाक भात खान्छौं । यसैबाट प्रशस्त मात्रामा शरीरलाई चाहिने ग्लुकोज र ऊर्जा प्राप्त हुन्छ । यसमाथि थप गुलियो खाना वा चिनी खायो भने शरीरलाई चाहिनेभन्दा बढी ऊर्जा जम्मा हुन्छ, जसका कारण मोटोपना बढ्छ । आवश्यकभन्दा बढी क्यालोरी खाने गऱ्यो भने मोटोपना, मधुमेह, मुटुरोग, क्यान्सर, दाँतका रोगहरु, कलेजोमा बोसो जम्ने, मानसिक तनाव, डिप्रेसनजस्ता स्वास्थ्य समस्याहरु उत्पन्न हुने सम्भावना बढेर जान्छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।


यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।




बैकुण्ठ भण्डारी



# हात्ती आयो हात्ती आयो फुस्सा

'लौन हतार छ के ! जसरी भए पनि अहिले नै चाहियो । नभए मेरो साइजमा भाडामा भए पनि ल्याइदिनुपऱ्यो लवेदा सुरुवाल ।'

अनुहारमा निकै चमकसहित नीलकण्ठ कसैलाई अह्राउँदै थिए । उनले ठूलो विजय हासिल गरेर प्राप्त भएको खुसी देखिन्थ्यो । हातमा रहेका दुईवटा फोनमा घण्टी बजेको बजै थियो । उठाउन पनि भ्याइनभ्याई । नीलकण्ठ फोन उठाएर 'धन्यवाद' भन्दै दुई सेकेण्डमा नै काटिसक्थे । सायद उनको जीवनमा यो जत्तिको खुसी कहिल्यै पनि थिएन ।

एक जना गहुँगोरो केटो हस्याङफस्याङ गर्दै ढोकाभित्र छिर्छ । 'ल हजुर लिनुस्, लवेदा सुरुवाल । हजुर पनि कस्तो हतार गर्ने के ! लवेदा सुरुवाल भनेको टिसर्ट पाइण्ट हो र भन्या, रेडिमेट पाउन । बल्लबल्ल चार-चार जना मिस्त्री लगाएर सिलाइयो । अलि अगाडि नै भन्नुपर्छ नि ।'

'ल ल जाऊ अहिले । मलाई आजै मन्त्रीको शपथग्रहण गर्नुपर्छ भन्ने के था त ! त्यही भएर त चिनेको मान्छे चाहिने नि,' नीलकण्ठ भुतभुताउँछ, 'मान्छेलाई हतार भइसक्यो !'

'लु तपाईंलाई पनि जेन-जी बधाइ ! मन्त्री हुन लाग्नुभएको रै'छ ।'

यता नीलकण्ठ फोनमा आफ्नो अगाडि पछाडि गाडी, स्वागतका लागि आवश्यक मान्छे, भिडियो खिचेर समाचार बनाउन युटचुबे सबलाई फोन गर्न व्यस्त छन् । उनी भनिरहेका छन्, 'था पाइस् ? म मन्त्री भएँ, शपथ खान हिँड्न लागेको, आउनु पर्दैन ?' उनी फोनमा सबैलाई बोलाइरहेका छन् ।

अलि पर रहेको दाइको चिया पसलमा पुगेर केटोले भन्छ, 'थाहा पाउनुभयो साहुजी ? त्यो नीलकण्ठ दाइ त मन्त्री पो हुन लाग्या रैछन् । वहाँ शपथ खान जाने रे भनेर मैले भर्खर लवेदा सुरुवाल छाडेर आएँ ।'

भित्र पसलमा दिउरीमा स्टिलको गिलासले चिया उमाल्दै गरेको चिया साहु यसो आधामुण्टो फर्काएर केटोलाई भन्छन्, 'ए हो र ? ल राम्रै भए छ, दुई-चार महिना टोलमा झण्डावाल गाडी गुड्ने भो !' 'त्यही त पत्याइ नसक्नु भन्या ! यस्तै पऱ्यो भने त हाम्रा पनि पालो आउँला जस्तो छ,' केटोले चिया साहुलाई भन्यो ।

'आउँछ आउँछ ! धन्दै मान्नु पर्दैन । चुनाउ जितेर आउनुपर्ने भए पो ! त्यसमाथि तिमी पनि क्लबस्लबमा धाइरहने मान्छे हो क्यारे ! पहिलेपहिले चोक बसेर टायर बालेकै पनि हो । ऊ बेलाको फोटो यसो फेसबुकतिर पोस्टचाउँदै गर्नु । उता श्रीआमान्को घरतिर उबेला पनि त गुन लगाकै छौ क्यार,' चिया पसलेले केटोलाई थप हौस्याउँछ ।

'के था भाग्यले लवेदा सुरुवाल सिलाउने होइन लगाउने पो भन्छ कि ?,' केटोले पनि अहिले नै मन्त्री नै भइहाँलुला जसरी उत्तर दिन्छ । 'अहिले त हुन सक्छ बाबु केही टुंगो छैन । मन्त्री खोज्याखोज्यै छन् डेढ महिनादेखि,' दुई कप चिया बोकेर उनी बाहिर निस्कन्छन् ।

'ल ठूल्दाइ चिया लिनुस् । के गर्ने चोकचोकमा मन्त्री लिलामीजस्तो भइराख्या रैछ । जे होस् हाम्रा भाइ छारो पुस्ताले २४ घण्टामा देखाइदिएको परिवर्तनले पनि धेरैका भाग्य चम्क्या छन्,' चिया पसलेले व्यंग गर्दै भन्छ ।

चिया पसलेको कुरा सुनेर ठूल्दाइ मुसुक्क हाँस्दै भन्छन्, 'किन तिमीलाई पनि चिया पकाउन मन लागेन कि क्यो हो ? कि मन्त्री बन्ने रहर जाग्यो ?' 'रहर जागेरमात्र के गर्नु ?,' पसलेले इच्छा जाहेर गर्छ । 'अनि तिमी मन्त्री भयौ भने के गर्छौ ?,' ठूल्दाइ सोध्छन् ?

पसले हाँस्दै भन्छ, 'ल दाइ पनि, मन्त्री भएपछि के गर्नु नि । मैले जानेकै चिया पकाउन हो । मन्त्रालयमा बसेर चिया पकाउन सिकाउँछु, अहिले चिया पसलको व्यापक चर्चा छ । युवा पुस्ता दिनभर चिया पसलमा रमाउन थालेका छन् । हाम्रा टोलका युवाहरूलाई विदेश जानबाट रोक्नका लागि टोलटोलमा आधुनिक चिया पसलको व्यवसाय गरी उद्यमी बनाउँछु ।'

पसलेको कुरा सुनेर ठूल्दाइ चिया नै सर्केला जसरी हाँस्छन् ।

'ल किन हाँस्नु भाको ?,' पसलेले सोध्छ ।

'तिम्रा कुरा सुनेर,' दाइले उत्तर फर्काउँछ ।

'हाँस्नु पर्ने कुरा के गरेँ र मैले ?'

'त्यस्तो केही त गरेको छैन । तर पनि हाँसो लाग्यो । खुरुखुरु चिया पसल गरेर अलिअलि कमाई भएको मान्छे मन्त्री बनेर युवाहरूलाई चिया पसल खोल्न लगाएर रोजगार सिर्जना गर्छु भनेपछि हाँसो लाग्दैन त ?'

ठूल्दाइको कुराले पसले अवाक् हुन्छ । हाँस्दै ठूल्दाइलाई भन्छ, 'ए दाजु तपाईं पनि कस्तो कुरा गर्नुहुन्छ के ! मान्छेले जे जानेको छ त्यही गर्ने होइन त ? अब म जीवनभर चिया बेचेर बसेको मान्छेले चियाकै कुरा गर्ने हो, चिनीकै कुरा गर्ने हो । दूध हालेको पानीकै कुरा गर्ने हो । घाटा नोक्सानकै कुरा गर्ने हो नि । अरु त मलाई था' हुनु परेन ?'

'ठीक छ ठीक, तिमी पनि मन्त्री भयौ भने ठूला दुई-दुई मन्त्री हुन्छन् । टोलको सुरक्षा राम्रै हुन्छ !,' ठूल्दाइले फण्डा हान्छन् । त्यसैबेला हिजोसम्म त्यही चिया पसलको बाटोमा लखरलखर हिँड्ने नीलकण्ठ आज चिल्लो गाडीमा गुड्दै चिया पसलमा आएर टक्क रोकिन्छ । अनि ठूल्दाइलगायत सबैलाई नमस्कार गर्छ । 'लौ तपाईंहरूको आशीर्वादले म शपथ खान हिँडेको... गएँ ।' ड्राइभरले गाडी हुत्याएर लैजान्छ ।

ठूल्दाइ उसको पारा देखेर तीनछक्क पर्छ ! 'नपाउनेले के पायो बोक्रैसम्म चपायो भन्थे हो रैछ । जेन-जी आन्दोलनको उपलब्धि पनि देखियो । ऊ बेला बुढापाकाले भन्थे बाँच्नुपर्छ अनेक देखिन्छ ।'

उता चिया पसलेले भित्तामा टाँगेको टेलिभिजनको आवाज ठूलो गर्छ । ऊ एक्लै बोल्छ । 'अब त उता शपथ ख्वाको पनि देखाउँला नि । हेरौं न के-के हुँदो रैछ । टपटप टिपेर लगेका मन्त्रीहरूले कसरी खाँदा रैछन् शपथ हेरौं न ।' 'होइन हो, त्यो टेलिभिजनको आवाज बाहिरसम्म आउनेगरी लगा न, हामी पनि हेरौं,' ठूल्दाइ भन्छन् ।

उता टेलिभिजनका समाचार वाचक शपथ ग्रहण गरेको रित्तो ठाउँ देखाउँदै बोलिरहेको छ । 'हामी प्रत्यक्ष प्रसारण गरिरहेका छौं । अहिले केही बेरपछि नयाँ मन्त्रीको शपथग्रहण हुँदै छ । मन्त्री थपिने क्रम र हट्ने क्रम जारी छ । प्रधानमन्त्री कार्यालयकाअनुसार लवेदा सुरुवालसहित मन्त्रीको शपथ खान आएकामध्ये ...जनाको शपथग्रहण नहुने भएको छ । उहाँहरूको विषयमा थप छलफल भइरहेको छ । हाम्रो प्रत्यक्ष सम्पर्कमा सहकर्मी फलानो राष्ट्रपति कार्यालयमा हुनुहुन्छ । उहाँका अनुसार मन्त्री खान बोलाइएकामध्ये फलानहरूलाई लोप्पा ख्वाएर पठाइएको छ । हात्ती आयो हात्ती आयो फुस्सा !' चिया पसलमा बसेका सबैजना गललललल... हाँस्छन् !



बाराको कलैया नगरपालिका-१८ स्थित मोतीसारमा सामूहिकरूपमा छठीमाईको पूजा गरेर छठपर्व मनाउँदै स्थानीयवासी । तस्विर: इशिका खरेल

# अस्ताउँदो सूर्यलाई चडाइयो अर्घ्य

**महोत्तरी (प्रस)**– सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठपर्व मनाइएको छ । मिथिलाका सबै घाटमा व्रतालुहरूले प्रसाद तथा पूजा सामग्री लिएर दिनभर सपरिवार भगवान् सूर्यको आराधना गर्दै अर्घ्य अर्पण गरी छठपर्व मनाएका हुन् ।

गत शनिबार चतुर्थी तिथिदेखि धार्मिक विधिपूर्वक सुरु भएको चार दिने महापर्व छठ उत्सवको सोमबार षष्ठी तिथिको साँझ मुख्य पूजाआजा गरिएको हो । छठपर्व मनाउनका लागि सम्पूर्ण मिथिलावासी सोमबार आ-आफ्ना घरमा गुलियो परिकार ठकुवा, भुसवा, खजुरीया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती,



ढकियामा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाट पुगेका थिए ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको जलेश्वर-५ का संस्कृतिविद् ध्रुव रायले बताए ।

जलेश्वर नगरपालिका-१ स्थित जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लागेको छ ।

यस पर्वको पहिलो दिन व्रतालुहरूले नहा खा अर्थात् नुहाएर खाने गर्दछन् । दोस्रो दिन खरना मनाइएको थियो । खरनाका दिन व्रतीहरूले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गरेका थिए भने राति अरवा अरबाईन (बिना नुनको) खानेकुरा खाएका थिए ।

यस पर्वलाई व्रतालुहरूले आज (मंगलबार) एकाबिहानै पुन: छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरेको क्रम दोहोऱ्याइ प्रात:कालीन उदाउँदो सूर्यलाई अर्घ्य दिई छठपर्व सम्पन्न गर्ने छन् ।

# मोटरेबल पुल अलपत्र हुँदा अस्थायी पुलबाट यातायात सञ्चालन

**म्याग्दी–** मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजारदेखि धवलागिरि गाउँपालिकाको धारापानी-ताकम हुँदै मुना जोड्ने सडकअन्तर्गत दाङखोलामा मोटर चल्ने पुल निर्माण योजना अलपत्र बनेको छ ।

मालिका-५ र धवलागिरि-७ को सिमानामा पर्ने फेदीस्थित दाङखोलामा ठेक्का सम्झौता भएको पाँच वर्षमा पनि पुल निर्माण सुरु नभएको हो । करिब १८ मिटर लामो पुल बनाउन पूर्वाधार विकास कार्यालय र इन्द्रेणी-फेवा जेभी पोखराबीच विसं २०७६ जेठ २२ गते ठेक्का सम्झौता भएको थियो ।

२०७८ जेठ ८ गते सम्पन्न हुनुपर्ने पुलको निर्माण कार्य सुरु नै नभएको धवलागिरि-७ का वडाध्यक्ष अशोक खत्रीले बताए । 'धवलागिरिको केन्द्र मुनासहित पाँच वडालाई जोड्ने सडकमा नियमित यातायात सञ्चालनका लागि यो पुल आवश्यक छ,' उनले भने, 'पुल बनेर यातायात सञ्चालन हुनुपर्ने समयसम्म पनि निर्माण सुरु भएको छैन ।'

वि.सं. २०७५ मा दाङखोलामा धवलागिरि गाउँपालिकाले निर्माण गरेको अस्थायी मोटेरबल पुल जीर्ण भएको र नयाँ पुल निर्माण नहुँदा गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत गर्न समस्या भएको वडाध्यक्ष खत्रीले बताए ।



पुल निर्माणस्थल म्याग्दीखोला जलविद्युत् आयोजनाको यसअघि प्रस्तावित बाँध निर्माणस्थलमा पर्दा सम्झौतालगत्तै कार्यक्षेत्रमा परिचालित निर्माण व्यवसायीले काम गर्न नपाउनु, २०७७ को बाढीले निर्माणस्थलमा क्षति पुगेपछि पुलको दूरी बढाउनुपर्ने अवस्था आउनु र पछिल्लो समय निर्माण व्यवसायी अदालत गएपछि पुल निर्माण कार्य प्रभावित बनेको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

काम नभएपछि कार्यालयले ठेकेदारलाई पेस्की दिएको ३३ लाख रूपैयाँ धरौटीबाट फिर्ता गरेको छ । म्याग्दी १ (२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले दाङखोलामा मोटरेबल पुल नबन्नुको मुख्य कारण दरबाङ म्याग्दी खोला जलविद्युत् आयोजना भएको बताए । 'सम्झौतालगत्तै आएका ठेकेदारलाई काम गर्न दिएको भए त्यही समयमा पुल बन्ने थियो,' उनले भने, 'सहमतिअनुसार दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाले नै दाङखोलामा पुल बनाउनुपर्छ ।'

जलविद्युत् आयोजनाको प्रवर्द्धक धौलागिरि कालिका हाइड्रोका निर्देशक तेजेन्द्र रोकाले दाङखोलाबाट हाल बाँध निर्माणस्थल इल्पुमा सारिएको र मोटरेबल पुलको विषयमा आफू नयाँ सञ्चालक भएकाले पुरानो सहमतिको विषयमा जानकार नभएको प्रतिक्रिया दिए । तत्कालीन निर्देशक हर्कमान मगरले दाङखोलामा सरकारीपक्षबाट पुल निर्माण हुन नसके आयोजनाले पुल बनाउने लिखित निर्णयमा हस्ताक्षर गरेका थिए । *रासस*

# छठमय धुनमा झुम्दै मिथिलाञ्चल

**धनुषा–**

*'केरा जे फरल घउरमे ओहि पर सुगा मंडराय*
*मारबौ रे सुगबा धनुषसँ सुगा गिरे मुरूझाय*
*सुगनी जे कानति वियोगसँ दीनानाथ*
*होयब सहाय'*

यतिखेर यस्तै लोकगीत संगीतले जनकपुरधामसहित सारा मिथिलाञ्चल छठमय बनेको छ । अहिले गाउँ, सहर, बजार चोक चौराहा सबैतिर छठ गीतको धुनले सारा माहौल छठमय धुनमा झुमेको छ । जतातते छठकोबाहेक अरू केही कुरा सुनिँदैन अहिले ।

*'काँचहि बाँसके टोकरिया हो दीनानाथ*
*टोकरी लचकत जाय*
*बाटमे पुछए जे बटोहिया*
*टोकरी केकर जाय*
*आन्हर होयबे रे बटोहिया*
*अरघक टोकरी छठि मायके जाय ।'*



छठका अवसरमा मैथिल कन्याद्वारा प्रसाद सामग्री बोकी कुनै नदी वा तलाउसम्म जाने बेला गाइने यो प्रचलित लोकगीतमा दीनानाथ र छठीमायलाई सम्बोधन गरिएको छ । यसको अभिप्राय हो- दीनानाथ अर्थात् सूर्यदेव, छठीमाय अर्थात् षष्ठीका देवी दुवैको छठ पर्वमा पूजा हुन्छ । यस पर्वको वैदिक नाम सूर्य-षष्ठी रहेको छ । यसमा मुख्य पूजा सूर्यको हुँदाहुँदै षष्ठीका देवीको पूजा पनि हुन्छ । षष्ठीका देवीको पूजा गौणरूपमा हुन्छ । जस्तो राधाकृष्ण, सीताराम, गौरीशंकर एकअर्काका पूरक हुन्छ, त्यस्तै सूर्यषष्ठी पूजा पनि हुन्छ ।

आस्थाको महापर्व छठ पर्वको सोमबार तेस्रो र मुख्य दिन व्रतालुले अस्ताउन लागेको सूर्यलाई अर्घ्य दिएका छन् । छठको दोस्रो दिन खरना सम्पन्न भएसँगै सोमबार अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिई पूजाआजा गर्ने परम्परा छ । सूर्यलाई 'आदि' देवता पनि भनिन्छ । सारा सृष्टि र मानवजगत्लाई उज्यालो दिने, जीउमा गर्मी उत्पन्न गर्ने र रोगव्याधीबाट जोगाउने सूर्य नै भएको पाइन्छ । छठपर्व विशेषगरी कृषकको पर्वका रूपमा रहेको छ । यस पर्वमा सूर्यको प्रकाश र जलको महत्त्वलाई विशेष रूपमा जोडेको देखिन्छ ।

सूर्य र जलकै कारणले मानव जीवनमा उज्यालो आएको र मानवले यही सूर्य र जलकै कारणले फलफूल, तरकारीदेखि अन्नबाली उब्जनीमा महत्त्वपूर्ण भूमिका रहेकाले पनि समानता, भेदभावरहित, छुवाछूतरहित सबै एकापसमा मिलेर सूर्यको आराधनासँगै छठीमैयाको पूजाअर्चना गर्ने परम्परा रहेको साहित्यकार तथा संस्कृतविद् राजेन्द्र विमलले बताए । उनले छठ पर्व प्रकृतिको पूजनका रूपमा रहेको बताए । *रासस*

# जुम्लामा एक लाख नागरिकले गरे स्वास्थ्य बिमा

**जुम्ला (प्रस)**– जिल्लामा करिब एक लाख नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । पछिल्लो समयमा बिमाको महत्त्वबारे जानकारी प्राप्त भएपछि यहाँका नागरिक स्वास्थ्य बिमाप्रति आकर्षित हुन थालेका छन् ।

आठ स्थानीय तह रहेको जुम्लामा बिमा लागू भएदेखि हालसम्म एक लाख ४७३ जना स्वास्थ्य बिमामा आबद्ध भएको जिल्लास्थित स्वास्थ्य बिमा बोर्ड कार्यालयका प्रमुख प्रेम भण्डारीले जानकारी दिए ।

ज्येष्ठ नागरिक तीन हजार ७२६, अति अशक्त अपांगगता ८७ र महिला स्वास्थ्य स्वंयसेविका २८८ जनाको परिवार स्वास्थ्य बिमामा आबद्ध भएको कार्यालय प्रमुख भण्डारीले बताए । उनले भने, 'जिल्लाका १३ हजार बढी घरपरिवार बिमामा आबद्ध छन्, वि.सं. २०७४ देखि जिल्लामा स्वास्थ्य बिमाको सेवा विस्तार भएको हो ।'

स्वास्थ्य बिमाका बारेमा पहिला यहाँका स्थानीयलाई पूर्णरूपमा जानकारी नहुँदा यसको महत्त्वबारे बुझेका थिएनन् । अहिले बिमा सहजकर्ता घरघरमा गएर बिमाको कामबारे जानकारी दिएपछि यहाँ स्वास्थ्य बिमामा आबद्ध हुने स्थानीयको सङ्ख्या बढेको कार्यालय प्रमुख भण्डारीको भनाइ छ ।

सरकारले अपांगता भएका, अशक्त, कुष्ठरोगी, एचआइभी संक्रमित, ज्येष्ठ नागरिक र अतिगरिब घरपरिवारलाई नि:शुल्क बिमा गर्ने व्यवस्था गरेको छ । अन्यको हकमा शुल्क लिएर एक लाख रूपैयाँबराबरको स्वास्थ्य बिमा गर्ने गरिएको कार्यालयले जानकारी दिएको छ ।

बिमाको जथाभावी प्रयोगले अहिले स्वास्थ्य बिमा बोर्डको केन्द्रीय कार्यालयले सहभुक्तानीको व्यवस्थासमेत गरेको छ । बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमा नै पठाएर नागरिकलाई बिमामा सहभागी गराउने अभियानमा रहेको स्वास्थ्य बिमा बोर्ड कार्यालयले जानकारी दिएको छ ।


**ओमनमा रोजगार** कम्पनी : RASID AND MOHAMMED TRADING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/04/0७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/0७/१0 | LT. No. 327660 | चलानी नं. ६०२४१४८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic injection machine operator (or write exact profession) | 5 | 0 | 190 | ६९,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075



**साउदीमा रोजगार** कम्पनी : ALOMAIER CEMENT PRODUCTS FACTORY ONE PERSON

पूर्व स्वीकृति मिति : २०८२/0७/0९ | LT. No. 332734 | चलानी नं. ६०२४६४१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३७,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १८ गते (4th Nov. 2025) मा हुनेछ ।

नोट : ३३२७३४ लट नम्बरको विज्ञापन मिति २०८२ कात्तिक १० गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुटन गएकोले आज मिति २०८२ कात्तिक ११ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/0७/0९ | LT. No. 332826 | चलानी नं. ६०२४६४९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading workers | 30 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104
श्रम ईजाजत नं. ११८२/०७३/७४



**साउदीमा रोजगार** कम्पनी : WAEL ALI AHMED EESA MORI CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/0७/0९ | LT. No. 332762 | चलानी नं. ६०२४६४२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 30 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD
KMC-26, Samakhusi, Kathmandu, Nepal, Tel: 01-5919792, Mobile: +9779856006311,
WhatsApp: +977-9856006311, E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com
श्रम ईजाजत नं. १६३७/०८०/८१



**मलेसियामा रोजगार** कम्पनी : BW SIM HUAT TIMBER SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१२/0१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/0७/१0 | LT. No. 331628 | चलानी नं. ६०२१६५१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ५०,२७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RUBBER LEISURE PRODUCTS SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८०/0८/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/0७/१0 | LT. No. 296383 | चलानी नं. ६०२११४३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 45 | 0 | 1500 | ५०,२७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १८ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९



**मलेसियामा रोजगार** कम्पनी : SRI LARA JOINT SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/0७/१0 | LT. No. 321364 | चलानी नं. ६०२३५४८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 2 | 0 | 1700 | ५६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KAWALAN ASAS JAYA SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/0१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/0७/१0 | LT. No. 322969 | चलानी नं. ६०२३६८0९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 34 | 0 | 1700 | ५६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81



**साउदीमा रोजगार** कम्पनी : ALI SAAD ALMUTAIRI EST.

पूर्व स्वीकृति मिति : २०८२/0५/२६ | पून:विज्ञापन स्वीकृति मिति : २०८२/0७/१0 | LT. No. 330879 | चलानी नं. ६०२४६४६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD AND BEVERAGE SERVICE AGENT | 1 | 0 | 1500 | ५६,०७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH HUSSAIN AL MARHOON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/0७/0९ | LT. No. 332730 | चलानी नं. ६०२४६४६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३७,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १८ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

प्रभाव दैनिक

रूपशाला

## 'जारी २' को ट्रेलर सार्वजनिक

यही कात्तिक २१ गते रिलिज हुने चलचित्र 'जारी : २ सङ् अफ च्याब्रुङ'को ट्रेलर सार्वजनिक भएको छ । छठ पर्वको अवसर पारेर सोमबार सार्वजनिक ट्रेलरले श्रीमान्–श्रीमतीको झगडाले निम्त्याउने पारिवारिक जटिलतालाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । ट्रेलरमा लिम्बू समुदायको सांस्कृतिक पहिचान च्याब्रुङको महत्त्व पनि झल्काइएको छ । उपेन्द्र सुब्बाको लेखन तथा निर्देशन रहेको 'जारी २' मा दयाहाङ राई, मिरूना मगर र विजय बरालको मुख्य अभिनय छ । चलचित्रलाई रामबाबु गुरूङ, मधु मिजार र जीवन गुरूङले निर्माण गरेका हुन् ।



मंगलबार, ११ कात्तिक २०८२ (Tuesday, 28 October 2025)

# सकियो बद्री, प्रताप र एलिनाको 'अब सुन्छ अमेरिका' यात्रा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फ्लाइ नेपा ट्राभल्सको आयोजनामा अमेरिकाका विभिन्न सहरमा चलेको सांगीतिक कार्यक्रम 'अब सुन्छ अमेरिका' समापन भएको छ ।

सन् २०२५ का अगस्ट, सेप्टेम्बर र अक्टोबर महिनामा अमेरिकाको न्युयोर्क, डालस टेक्सास, अस्टिन, नियाग्राफल्स, बोस्टन, न्यू ह्याम्पशायर, बाल्टिमोर, सिनसिनाटी ओहायो, शिकागो, एक्रोन ओहायो, कोलम्बस ओहायो, कोलोराडो, सन फ्रान्सिस्को आदि ठाउँमा सांगीतिक कार्यक्रम सम्पन्न भएको थियो । तीन महिना लामो सांगीतिक कार्यक्रममा गायकहरू बद्री पंगेनी, प्रताप दास र एलिना चौहानले दर्शकलाई आफ्ना गीतमार्फत् मनोरञ्जन गराएका थिए ।

कार्यक्रम भएका ठाउँमा दर्शकहरूको बाक्लो उपस्थिति रहेको थियो । तीज नलाग्दै अमेरिका पुगेका गायक गायिकाले तीज हुँदै दसैं तिहारसम्मका चाडमा दर्शकलाई मनोरञ्जन दिलाएका थिए ।

कार्यक्रमका संयोजक तथा परिकल्पनाकार विनोद अधिकारीले गर्मी मौसम सकिँदो र चिसो मौसम शुरु हुने अत्यन्त अनुकूल मौसम भएका महिनामा अमेरिकाको पूर्वदेखि पश्चिममा रहेका नेपालीहरूसम्म पुगेको जानकारी गराएका छन् । अधिकारीले यो क्रममा हजारौ माइलको फराकिलो दूरीको यात्रा पार गरेको बताए ।

'समग्रमा कार्यक्रम परिकल्पना गरे जस्तै अत्यन्त सफलतापूर्वक सम्पन्न भएको छ र आफूले कलाकारसँग गरेको शर्त तथा बाचा बमोजिमको सम्पूर्ण जिम्मेवारी पूरा गरेको छु । यसका लागि कलाकार मित्र, स्थानीय आयोजक, प्रायोजक, दर्शक, प्रचारप्रसारमा सहयोग गर्ने मिडिया साथै यस कार्यक्रमलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा अहोरात्र खटिएर सहयोग गर्नुहुने सम्पूर्ण प्रति आभारी छु, अधिकारीको भनाइ छ ।'

उनले आगामी दिनमा पनि यसैगरी नेपाल र नेपालीलाई जोड्ने कार्यक्रमका लागि मन, वचन र कर्मले लागिपर्ने बताएका छन् ।

# रूचाइयो 'वरिष्ठ बलराम'मा दयाहाङको अवतार

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'वरिष्ठ बलराम'मा अभिनेता दयाहाङ राई केही फरक अवतारमा देखिएका छन् । फरक अवतारमा देखिएका राईलाई दर्शकहरूले रुचाएका हुन् ।

दयाहाङको फरक अवतारटाई, सुट र कोटमा ठाँटिएर हिँड्छन् । समाजमा उचो छवि छ । प्रहरी प्रशासनदेखि राजनीतिक र समाजले उनको मानमनितो गर्छ । छवि अनुसारको गेटअपमा उनी देखिएका छन् । प्रायः चलचित्रमा दयाहाङलाई गाउँले गरिब चरित्रमा देखिन्छ । तर, 'वरिष्ठ बलराम'मा उनी आवरणमा बिलकुल भिन्न देखिएका छन् । उनको यो रूप पनि दर्शकले रुचाएका छन् ।

उनको अभिनयसँगै गेटअप पनि दर्शकले मन पराएका हुन् । सधैं एउटै चरित्रमा देखिरहेका दयाहाङको गेटअप दर्शकलाई मन परेको हो । अभिनय कलाले सधैं दर्शकको मन जितेका दयाहाङको हुनेखाने र शहरिया हुलिया पनि मन पराइएको हो ।

सम्भत अब दयाहाङलाई निर्माताहरूले यो गेटअप अर्थात् शहरिया रोलमा पनि काष्ट गर्न सुरु गर्नेछन् । टाइपकाष्टबाट बच्ने सम्भावना छ । कात्तिक ६ गतेबाट रिलिज भएको यो चलचित्र अहिले सकारात्मक वर्ड अफ माउथसहित चलिरहेको छ । दर्शकले रगतको सँगै भावनाको नाता पनि उत्तिकै बलियो हुने र स्थानीय स्रोतको दोहनको कथा मन परेको प्रतिक्रिया दिइरहेका छन् ।

चलचित्र 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । वृषभ सिद्धी इन्टरटेनमेन्ट को प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको यो चलचित्रमा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके)लगायत कलाकारहरूको अभिनय रहेको छ ।

चलचित्रको कथा र सम्पादन निर्देशक पौडेलकै रहेको छ भने पटकथा महेश दवाडीले लेखेका हुन् । निर्मातामा आशिष एच तामाङ र श्रीराज कार्की, कार्यकारी निर्मातामा प्रदीप जी धामी र पुष्कर बी. घिमिरे रहेका छन् । लाइन प्रोड्युसर राम विष्ट हुन् ।

# 'सतीदेवी' 'इजिप्टियन अमेरिकी फिल्म फेस्टिभल'मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी' अमेरिकाको 'इजिप्टियन अमेरिकी फिल्म फेस्टिभल'मा छनोट भएको छ। अमेरिकाको न्युर्योकमा ३१ अक्टोबरदेखि २ नोभेम्बरसम्म आयोजना हुने फेस्टिभलमा विश्वका थुप्रै देशका फिल्म पनि सहभागी छन् ।

आफ्नो फिल्म छनोमा पर्दा निकै खुसी लागेको निर्देशक सुवेदीले बताए । ' फेस्टिभलमा छनोट हुनु मिहिनेत सार्थक हुनु हो,' उनले भने, 'यो मेरो मात्र होइन, नेपालकै उपलब्धि हो ।' फिल्मले 'दक्षिण एसियाली चलचित्र महोत्सव २०८०'मा पनि नगदसहित पुरस्कार जितेको थियो, जहाँ निर्देशक



सुवेदीले अवार्डसमेत प्राप्त गरेका थिए ।

'सतीदेवी' नारीप्रधान फिल्म हो । फिल्मको केन्द्रीय भूमिकामा अभिनेत्री मल्लिका महत छिन् । फिल्ममा महतको अलवा रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी सृजना अधिकारी, मनीषा सापकोटा, सुजिता शिवाकोटी लगायतको अभिनय छ ।

दिलाशा क्रियसन तथा गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको फिल्ममा निर्देशक सुवेदीकै कथा, पटकथा, संवाद छ । फिल्मको गीत पनि सुवेदी आफैले लेखेका हुन् । फिल्म नेपालमा गत वर्ष भदौमा प्रदर्शनमा आएको थियो ।

## रंगशाला

**त्रिदेशीय महिला फुटबल**

# साम्बा चम्किँदा भारतविरुद्ध नेपालको शानदार जित

■ प्रभाव संवाददाता

**काठमाडौं –** स्टार खेलाडी सावित्रा भण्डारी साम्बाको सानदार दुई गोलमा नेपालले त्रीदेशीय प्रतियोगितामा घरेलु टोली भारतमाथि २-१ को जित हासिल गरेको छ । सोमबार सिलोङस्थित जवाहरलाल नेहरू रंगशालामा सम्पन्न खेलमा दुई गोलले पछाडि परेको अवस्थामा भारतका लागि फरवार्ड करिष्मा पुरुषोत्तम सिर्भोइकारले एक गोल फर्काइन् ।




जितसँगै नेपाल त्रीदेशीय प्रतियोगिताको उप-विजेता बनेको छ । नेपालले पहिलो खेलमा इरानसँग ३-० को हार बेहोरेको थियो । पहिलो खेलमा इरानसँग २-० ले हारेको भारतले कुनै पनि अंक जोड्न सकेन ।

सावित्राले खेलको दोस्रो मिनेटमै सेन्टरब्याक विमला विकको लामो दूरीको पासलाई सदुपयोग गर्दै नेपाललाई अग्रतामा ल्याइन् । सावित्राले सुरुमा छातीबाट बललाई नियन्त्रणमा लिइन् । अनि गोलकिपर इलाङबाम पान्थोइ चानु अगाडि बढेको मौकाको फाइदा उठाउँदै बललाई दोस्रो बारको जाली चुमाइन् । खेलको १४औं मिनेटमा भारतले पहिलो खतरा बुन्यो । फरवार्ड स्लीन्डा कोमको पासमा रक्षक रञ्जना चानुले बक्स बाहिरबाट गरेको शक्तिशाली प्रहार गोलकिपर अञ्जना रानामगरले बचाउँदा नेपालले राहतको सास फेरेको थियो ।

निर्धारित हाफ सकिन दुई मिनेट बाँकी छँदा नेपालको गोलमा पान्थोइ चानु बाधक बनिन् । मिडफिल्डर दीपा शाहीले दिएको सुन्दर थ्रु पासलाई सावित्राले सुन्दर तरिकाले नियन्त्रणमा लिएकी थिइन् । तर, दोस्रो बारमा गरेको लोअर प्रहार पान्थोइ चानुले बचाइन् । लगत्तै विमलाले 'डिफेन्सिभ लाइन'बाट गरेको लामो दूरीको प्रहार पनि पान्थोइ चानुले बचाइन्।

खेलको ६३औं मिनेटमा सावित्राले सनसनीपूर्ण फ्रिकिक गोल गरिन् । करिब २५ यार्ड परबाट सावित्राले लिएको 'सेटपीस'ले पहिलो बारको टप कर्नर जाली चुम्यो। यसअघि कप्तान संगिता बास्फोरेबाट मिडफिल्डर प्रीति राई फउल हुन पुगेपछि नेपालले फ्रिकिक अवसर प्राप्त गरेको थियो ।

खेलको ७६औं मिनेटमा दीपाको कर्नरमा विमलाको हेडर क्रसबारभन्दा माथिले बाहिरिँदा नेपालले तीन गोलको अग्रता बनाउन सकेन । बरु ८१औं मिनेटमा करिष्मा पुरुषोत्तम सिर्भोइकारको गोलमा भारतले पुनरागमनको संकेत देखायो । उनले रक्षक किरण पिस्डाको फ्रिकिक पासलाई सदुपयोग गरेकी हुन्। पेनाल्टी बक्समा कुनै पनि निगरानीमा नरहेकी करिष्माले पहिलो टचको लोअर प्रहारमा अञ्जनालाई बिट गरेकी थिइन् । प्रतियोगितामा दुवै खेल जित्दै इरानले उपाधि हात पारिसकेको छ । इरानले भारतलाई २-० र नेपाललाई ३-० ले पराजित गरेको थियो ।

पछिल्लो समय महिला फुटबलमा भारतविरुद्ध नेपालले उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। भारत विरुद्धको नेपालको यो चौथो जित हो। यसअघि नेपालले सन् २०१९ मा भारतमै भएको हिरो गोल्डकपमा पहिलो पटक भारतलाई पराजित गरेको थियो । भारतलाई उसैको मैदानमा नेपालले दोस्रो पटक पराजित गरेको हो। यस्तै काठमाडौंसमा सन् २०२२ र २०२४ मा भएको साफ महिला च्याम्पियनसिपमा पनि नेपालले भारतलाई पराजित गरेको थियो ।

**काभा भलिबल**

# नेपाल श्रीलंकासँग पराजित

**काठमाडौं (प्रस)–** सेन्ट्रल एसिया भलिबल संघ (काभा) कप पुरुष भलिबल प्रतियोगितामा नेपाल श्रीलंकासँग पराजित भएको छ ।



ढाकास्थित इन्डोर हलमा सोमबार भएको खेलमा श्रीलंकासँग नेपाल ३-० को सोझो सेटमा पराजित भएको हो । यससँगै नेपालले प्रतियोगितामा चौथो हार बेहोरेको छ । नेपालले जारी प्रतियोगितामा एउटा खेल मात्रै जितेको छ ।

पाँच खेलबाट चार अंक जोडेको नेपाल पाँचौं स्थानमा रह्यो । यसअघि माल्दिभ्सलाई हराएको नेपाल तुर्किमिनिस्तान, अफगानिस्तान र बंगलादेशसँग पराजित भएको थियो । सोमबार नेपाल श्रीलंकासँग पहिलो सेट १८-२५ ले पराजित भयो भने दोस्रो सेट, १७-२५ तथा तेस्रो सेट २०-२५ ले गुमायो । सेन्ट्रल एसियाका ६ राष्ट्र सहभागि यस प्रतियोगितामा नेपालले पाँचौं स्थानको प्लेअफका लागि माल्दिभ्ससँग आज (मंगलबार) प्रतिस्पर्धा गर्नेछ ।

# 'झापा महिला गोल्डकप'को तालिका सार्वजनिक

**दमक (प्रस)–** झापाको शिवसताक्षी नगरपालिकामा यही कात्तिक १५ देखि २२ गतेसम्म सञ्चालन हुने 'एलभिडी प्रथम झापा महिला गोल्डकप-२०८२ अन्तरराष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता'को खेल तालिका सार्वजनिक गरिएको छ। आयोजक झापा महिला गोल्डकपले खेल तालिका सार्वजनिक गरेको हो ।

आयोजक झापा महिला गोल्डकपका सचिवालय प्रमुख हिमाल खरेलका अनुसार देशभरिका उत्कृष्ट आठ महिला टोलीको सहभागिता रहने उक्त प्रतियोगिताको उद्घाटन खेल नेपाल पुलिस क्लब र चर्च ब्वाइज युनाइटेडबीच हुनेछ । दोस्रो खेल कात्तिक १६ गते नेपाल एपिएफ फुटबल क्लब र भारत सिक्किमको सिंग्लिङ स्पोर्टिङ क्लबबीच हुनेछ । प्रतियोगिताको पहिलो सेमिफाइनल खेल कात्तिक १९ गते तथा दोस्रो सेमिफाइनल खेल कात्तिक २० गते हुनेछ ।

प्रतियोगिताका लागि तीन हजार दर्शक क्षमताको पक्की प्यारापिटमा कुर्सी जडानको काम सकिएको छ । यहाँ १० हजार दर्शक क्षमताको बाँसको अस्थायी प्यारापिट समेत बनाइएको आयोजक झापा महिला गोल्डकपका अध्यक्ष सन्तोष थोपाले जानकारी दिए । शिवसताक्षीस्थित दुधे रंगशालामा हुने उक्त प्रतियोगिताको विजेताले रु १० लाख १० हजार, उपविजेताले रु पाँच लाख र सर्वोत्कृष्ट खेलाडीले रु एक लाख ५० हजार पुरस्कार प्रदान गरिने उनले बताए ।

प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक र सर्वाधिक गोलकर्ताले जनही रु २५ हजार पुरस्कार पाउनेछन् । प्रत्येक खेलको प्लेयर अफ दी म्याच घोषित हुने खेलाडीलाई रु १५ हजार र ट्रफी प्रदान गरिनेछ ।

# अमेरिका–चीन व्यापार सम्झौतापछि एसियाली सेयर बजारमा उत्साहपूर्ण वृद्धि



**हङकङ–** अमेरिका र चीनबीच व्यापार वार्तामा हासिल भएको प्रगतिप्रति लगानीकर्ताहरूले देखाएको हर्षोल्लासका कारण सोमबार एसियाली सेयर बजारहरूमा उल्लेखनीय वृद्धि भएको छ। यो सफलतालाई विश्वको सबैभन्दा ठूलो व्यापार विवाद थप बढ्ने सम्भावनाबाट जोगिएको संकेतका रूपमा लिइएको छ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले मलेसियामा सम्पन्न वार्तापछि दिएको वक्तव्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ वस्तुहरूमा थप १०० प्रतिशत भन्सार शुल्क लगाउने योजना 'अब प्रभावकारीरूपमा टेबलबाट हटाइएको' बताए।

बेसेन्टले एबिसी न्युजसँगको अन्तर्वार्तामा भने, 'शुल्कहरू हटाइने छ।' उनका अनुसार चीनले दुर्लभ पृथ्वी तत्त्वहरूको निर्यात नियन्त्रण ढिलाइ गर्न र 'पर्याप्त मात्रामा' अमेरिकी सोयाबिन खरिद गर्न सहमति जनाएको छ।

चिनियाँ उपप्रधानमन्त्री हे लिफेङले वार्तालाई 'स्पष्ट, गहिरो र रचनात्मक' बताउँदै भन्सार शुल्क, निर्यात नियन्त्रण र फेन्टानिल नियन्त्रण सहयोगका विषयमा 'प्रारम्भिक सहमति' मा पुगेको जानकारी दिए।

यो प्रगतिले राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच यसै हप्ता दक्षिण कोरियामा आयोजना हुने एसिया-प्यासिफिक आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको साइडलाइनमा हुन लागेको भेटका लागि मार्गप्रशस्त गरेको छ। ट्रम्पको दोस्रो कार्यकालपछि दुई नेताबीच हुने यो पहिलो आमनेसामने भेट हुने छ।

टोकियो सेयरबजारले सबैभन्दा बढी वृद्धि देखायो। निक्केई २२५ सूचकांक दुई प्रतिशतभन्दा बढीले उकालो लाग्दै पहिलोपटक ५० हजार अंक माथि पुगेको छ। प्रधानमन्त्री साने तकाइचीको प्रो-उत्प्रेरक (प्रो-स्टिमुलस) नीति र कमजोर येनले निर्यातमुखी उद्योगहरूलाई बलियो फाइदा पुऱ्याएको विश्लेषकहरूले बताएका छन्। तकाइचीले यस आर्थिक वर्षमै रक्षा बजेटलाई कूल गार्हस्थ उत्पादन (जिडिपी) को दुई प्रतिशतमा पुऱ्याउने घोषणा गरेका छन्। यो पहिले तय गरिएको समयभन्दा दुई वर्ष अघि हो।

एसपिआई एसेट म्यानेजमेन्टका स्टिफन इन्सले भने, 'निक्केईको यो उछाल कुनै संयोग होइन, यो जापानको आर्थिक पुनर्जागरणको मूल्य-संकेत हो।'

सियोल बजार पनि दुई प्रतिशतभन्दा बढीले उक्लिँदै पहिलोपटक चार हजार अंक माथि बन्द भयो। टेक कम्पनी सामसुङको सेयर तीन प्रतिशत र चिप निर्माता एसके हाइनिक्सको सेयर पाँच प्रतिशत नजिकले बढ्यो। हङकङ, सांघाई, ताइपेई, सिंगापुर र सिड्नी बजारमा पनि सकारात्मक कारोबार देखियो, यद्यपि जकार्ता र मनिला बजारमा सामान्य गिरावट देखियो।

युरोपेली बजारहरूमा लण्डन र फ्रेंकफर्ट लाभका साथ खुले भने पेरिस बजार रातोमा झऱ्यो। अमेरिकाको हालको मुद्रास्फीति तथ्यांकले फेडरल रिजर्भबाट ब्याजदर कटौती हुने अपेक्षालाई बल दिँदा वाल स्ट्रिटमा पनि गत शुक्रबार सकारात्मक बन्द भएको थियो। राष्ट्रपति ट्रम्पले क्वालालम्पुरमा पत्रकारहरूसँग भने, 'हामी सम्झौतामा पुग्नेमा विश्वस्त छौं। चीन पनि चाहन्छ, हामी पनि चाहन्छौं।'

पेपरस्टोनका विश्लेषक माइकल ब्राउनका अनुसार यो वार्ताले यथास्थितिको पुनःस्थापना र व्यापार युद्धमा अस्थायी युद्धविराम ल्याएको हो, यद्यपि यो केवल वार्ताको रणनीति पनि हुन सक्छ। रिपब्लिकन राष्ट्रपति हाल पाँच दिने एसिया भ्रमणमा छन्। यसमा मलेसिया, जापान र दक्षिण कोरिया प्रमुख गन्तव्य रहेका छन्। हरेक देशमा व्यापार सम्झौताहरू एजेण्डाको शीर्ष बिन्दुमा छन्।

अमेरिकी तामाको मूल्य पनि व्यापार सम्झौताको आशावादमा वृद्धि भएको छ। यसले विश्वव्यापी मागमा सुधारको संकेत गरेको छ। यो उपलब्धि महिनौंदेखि बढ्दै गएको तनावपछि आएको हो। गत अक्टोबरमा राष्ट्रपति ट्रम्पले चीनले दुर्लभ पृथ्वी निर्यात नियन्त्रण विस्तार गरेपछि ठूलो कर वृद्धि गर्ने चेतावनी दिएका थिए, जसलाई वासिङ्टनले 'आर्थिक जबरजस्ती' भनेको थियो।

सम्झौताको प्रारूपअनुसार चीनले दुर्लभ पृथ्वी तत्त्वहरूको निर्यात प्रतिबन्धलाई 'कम्तीमा एक वर्षका लागि स्थगित गर्ने' र त्यसपछि पुनः समीक्षा गर्ने सहमति जनाएको अर्थमन्त्री बेसेन्टले बताए। *रासस⁄एएफपी*



क्यानडाको ब्रिटिस कोलम्बियास्थित भ्यानकुभरमा वार्षिक च्याउ प्रदर्शनीमा प्रदर्शन गरिएको च्याउ अवलोकन गर्दै मानिसहरू।

*तस्बिरः सिन्ह्वा*

# अमेरिका–भारत व्यापार सम्बन्धमा उच्चस्तरीय छलफल



**क्वालालम्पुर–** व्यापार विवाद तीव्र बन्दै गएपछि संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री मार्को रुबियो र भारतका विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरबीच सोमबार मलेसियामा महत्त्वपूर्ण भेटवार्ता सम्पन्न भएको छ।

यो भेट दुई देशबीचको व्यापार वार्ता अगाडि बढाउने र अमेरिकाले भारतमाथि लगाएको सजायात्मक भन्सार शुल्कका कारण उत्पन्न तनाव कम गर्ने उद्देश्यले गरिएको उच्चस्तरीय कूटनीतिक सम्पर्कको रूपमा हेरिएको छ। यस भेटका केही विवरणहरू मात्र सार्वजनिक गरिए पनि यो संवाद गत हप्ता अमेरिकाले भारतको प्रमुख कच्चा तेल आपूर्तिकर्ता रहेका रूसी तेल कम्पनीहरूमा लगाएको प्रतिबन्धपछि भएको पहिलो प्रत्यक्ष वार्ता हो। यसले वासिङ्टन र नयाँदिल्लीबीच पुनः संवादको ढोका खोलेको विश्लेषण गरिएको छ।

जयशंकरले सामाजिक सञ्जाल एक्समार्फत रुबियोसँगको मुस्कुराउँदै हात मिलाएको तस्बिर साझा गर्दै लेखेका छन्, 'हाम्रो द्विपक्षीय सम्बन्धका साथै क्षेत्रीय र विश्वव्यापी विषयहरूमा भएको उपयोगी छलफलको म प्रशंसा गर्दछु।'

यो भेट दक्षिणपूर्वी एसियाली शिखर सम्मेलनको साइडलाइनमा सम्पन्न भएको थियो। सो अवसरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प व्यक्तिगतरूपमा उपस्थित भएका थिए भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भिडियो लिंकमार्फत सम्बोधन गरेका थिए।

गत अगस्टमा राष्ट्रपति ट्रम्पले भारतमाथि लगाइने भन्सार शुल्क दर ५० प्रतिशतसम्म बढाएपछि दुई देशबीचको सम्बन्धमा तनाव उत्पन्न भएको थियो। अमेरिकी अधिकारीहरूले भारतमाथि मस्कोबाट छुट मूल्यमा तेल खरिद गरेर युक्रेनमा जारी रुसको युद्धलाई अप्रत्यक्ष सहयोग गरेको आरोप लगाएका थिए।

गत हप्ता प्रधानमन्त्री मोदीसँग टेलिफोन वार्ता गरेपछि राष्ट्रपति ट्रम्पले भारतले रूसी तेल आयात कटौती गर्न सहमति जनाएको दाबी गरेका थिए, तर यसबारेमा नयाँदिल्लीले आधिकारिक प्रतिक्रिया दिएको छैन। *रासस⁄एएफपी*

# 'बहुध्रुवीय संसार' को आगमनलाई चीनले गऱ्यो स्वागत

**बेइजिङ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच आसन्न उच्चस्तरीय वार्तापूर्व चीनका विदेशमन्त्री वाङ यीले सोमबार 'बहुध्रुवीय संसारको आगमन' लाई स्वागत गर्दै वासिङ्टनको नीतिबाट विश्वबजार अस्थिर भएको आरोप लगाएका छन्।

'आर्थिक र व्यापारिक विषयलाई राजनीतिकरण गर्नु, विश्वबजारलाई कृत्रिम रूपमा विभाजन गर्नु र व्यापार युद्ध तथा करयुद्धको सहारा लिनु विश्व अर्थतन्त्रका लागि घातक छ,' बेइजिङमा आयोजित एक फोरममा सम्बोधन गर्दै वाङले भने, 'सम्झौताबाट पछि हट्ने, प्रतिबद्धताहरू तोड्ने र गुटबन्दी राजनीति गर्ने प्रवृत्तिले बहुपक्षवादलाई अभूतपूर्व चुनौती दिएको छ। तर इतिहासको प्रवाह उल्टाउन सकिँदैन- बहुध्रुवीय संसार निश्चितरूपमा आउँदै छ।'

राष्ट्रपति ट्रम्पले आइतबार एसियाली भ्रमण सुरु गरेका छन्। यो दक्षिण कोरियामा राष्ट्रपति सीसँग हुने प्रत्यक्ष वार्तासँग समाप्त हुने छ। यो वार्ता जनवरीमा ट्रम्पले दोस्रो कार्यकाल सुरु गरेपछि दुई नेताबीच हुने पहिलो आमनेसामने भेट हो।

यसअघि अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लिफेङबीच दुई दिन लामो व्यापार वार्ता सम्पन्न भएको थियो। वार्तामा नोभेम्बर १ देखि लागू हुन लागेको १०० प्रतिशत अतिरिक्त कर टार्नेबारे छलफल भएको थियो।

चीनका उप-वाणिज्य मन्त्री ली चेङ्गाङले वार्ताबाट 'प्रारम्भिक सहमति' मा पुगेको जानकारी दिएका छन्। उता, अमेरिकी अर्थमन्त्री बेसेन्टले एबिसी समाचारसँग कुरा गर्दै उक्त अतिरिक्त शुल्क अस्थायीरूपमा स्थगित गरिएको र दुर्लभ पृथ्वी खनिज तथा अमेरिकी सोयाबिन निर्यातका विषयमा सहमति नजिकिएको संकेत गरेका छन्। *रासस⁄एएफपी*

# रुसी क्षेप्यास्त्र परीक्षण 'उचित कदम होइन' : ट्रम्प

**एयर फोर्स वन (अमेरिका)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनले हालै गरेको आणविक-सञ्चालित क्रुज मिसाइल परीक्षणलाई 'उचित कदम होइन' भनी टिप्पणी गरेका छन्।

राष्ट्रपति ट्रम्पले एयर फोर्स वनमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै भने, 'राष्ट्रपति पुटिनले अहिले युद्ध (युक्रेनमा) अन्त्य गर्नुपर्छ। यो युद्ध एक हप्ताभित्र सकिनुपर्ने थियो, तर अब चाँडै चौथो वर्षमा प्रवेश गर्न लागेको छ। मिसाइल परीक्षण गर्नुको सट्टा उनले शान्तिको बाटो रोज्नुपर्छ।'

रुसी राष्ट्रपति पुटिनले आइतबार 'ब्युरेभेस्टनिक' नामक आणविक-सञ्चालित क्रुज मिसाइलको अन्तिम सफल परीक्षण सम्पन्न भएको घोषणा गरेका थिए। सो मिसाइलको दायरा 'असीमित' रहेको दाबी उनले गरेका थिए।

राष्ट्रपति ट्रम्पले यसअघि ह्वाइट हाउसमा पुनः पदभार सम्हालेपछि युक्रेनमा भइरहेको युद्ध छिट्टै अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। तर, अमेरिकी राष्ट्रपतिको मध्यस्थता प्रयासका बावजुद मस्को र किएभबीचको वार्ता हाल पूर्णरूपमा रोकिएको छ।

यसबीच, रुसी सेनाहरू विस्तारै तर स्थिररूपमा युक्रेनमा आफ्नो नियन्त्रण विस्तार गरिरहेका छन्। किएभ पक्ष भने लामो र महँगो युद्धको बोझ वहन गर्दै कठिन रक्षात्मक मोर्चामा अडिएको देखिन्छ। राष्ट्रपति ट्रम्पले भने, 'विश्वलाई स्थायित्व चाहिएको हो, प्रतिस्पर्धात्मक शस्त्र परीक्षण होइन। अब सबै देशहरूले संयमता अपनाउनुपर्छ।' *रासस⁄एएफपी*

# म्यान्माको आगामी चुनावमा पर्यवेक्षक नपठाउने आसियानको निर्णय





**क्वालालम्पुर–** दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) ले डिसेम्बर महिनामा म्यान्मामा हुन लागेको आमनिर्वाचनमा पर्यवेक्षकहरू नपठाउने निर्णय गरेको छ। कूटनीतिक स्रोतहरूले सोमबार जानकारी दिँदै यस निर्णयले म्यान्माको सैन्य शासन (जुन्ता) ले अन्तर्राष्ट्रिय वैधता पाउने प्रयासमा ठूलो धक्का पुऱ्याएको बताएका छन्।

म्यान्माका सैन्य प्रमुख मिन आङ ह्लाइङले डिसेम्बर २८ का लागि तोकिएको उक्त चुनावलाई सन् २०२१ मा गरिएको सैन्य कूबाट सुरु भएको गृहयुद्ध अन्त्यतर्फको 'महत्त्वपूर्ण कदम' का रूपमा चित्रण गरेका थिए। तर, आसियानका अध्यक्ष तथा मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले सोमबार भएको बैठकमा पुनः 'तत्काल युद्धविराम' को आह्वान गरेका छन्। मलेसियामा बसेको ११ सदस्यीय आसियानका नेताहरूले म्यान्माको अवस्थाप्रति 'गहिरो चिन्ता' व्यक्त गर्दै शान्ति र राजनीतिक संवादमा 'पर्याप्त प्रगति नभएको' चेतावनी दिएका छन्।

घोषणामा भनिएको छ, 'हिंसा अन्त्य र समावेशी राजनीतिक संवाद चुनावभन्दा अघि हुन अत्यावश्यक छ।' उक्त वक्तव्यमा म्यान्माको सैन्य सरकारले आसियान राष्ट्रहरूलाई दिएको पर्यवेक्षक निमन्त्रणा पनि उल्लेख गरिएको छ। एक कूटनीतिज्ञले एएफपीसँग नाम नखुलाउने सर्तमा भने, 'यसको अर्थ, आसियानको तर्फबाट आधिकारिक पर्यवेक्षकहरू तैनाथ हुने छैनन्, तर सदस्य राष्ट्रहरू चाहे आफ्नै द्विपक्षीय पहलमा प्रतिनिधि पठाउन स्वतन्त्र हुने छन्।'

अर्को कूटनीतिज्ञले पनि आसियानको ब्यानरअन्तर्गत संयुक्त मिसन पठाउने विषयमा सदस्य राष्ट्रहरूबीच सहमति नबनेको पुष्टि गरे। सोलारिस स्ट्राटेजिज सिंगापुरका अन्तर्राष्ट्रिय मामिला विश्लेषक मुस्तफा इज्जुद्दिनले भने, 'आसियानले पर्यवेक्षक नपठाउने निर्णयले म्यान्माको वैधानिकता प्राप्त गर्ने आकांक्षामा निश्चित रूपमा ठूलो आघात पुऱ्याउने छ। अब स्वतन्त्र र निष्पक्ष चुनाव भएको भन्ने दाबी विश्वसनीय ठहरिने कुनै आधार बाँकी रहने छैन।'

यसैबीच, मानवअधिकार संगठन ह्युमन राइट्स वाचले म्यान्मामा हुने भनिएको मतदानलाई 'नक्कली' भनेर निन्दा गरेको छ भने एम्नेस्टी इन्टरनेसनलले जुन्तामाथि 'दमनकारी रणनीति अपनाएको' र 'चुनावको आलोचना गर्नेहरूलाई पक्राउ गरेको' आरोप लगाएको छ।

देशका ठूला भूभागहरू अझै पनि प्रजातन्त्र समर्थक गुरिल्ला समूह र जातीय अल्पसङ्ख्यक सेनाहरूको नियन्त्रणमा रहेका कारण ती क्षेत्रमा मतदान हुन नसक्ने निश्चित देखिएको छ।

युरोपेली संघ (इयू) की आयुक्त काज्सा ओलोङग्रेनले पनि आसियानकै निर्णयलाई समर्थन गर्दै युरोपेली पर्यवेक्षकहरू नपठाउने घोषणा गरिन्। उनले भनिन्, 'यी मापदण्डका आधारमा हामी यस चुनावलाई स्वतन्त्र वा निष्पक्ष मान्दैनौं, त्यसैले पर्यवेक्षक पठाउने प्रश्नै उठ्दैन।'

म्यान्मा आसियानको सदस्य भएता पनि सन् २०२१ को कूपछि त्यसका सैन्य नेताहरूलाई ब्लकका बैठकहरूमा सहभागी हुन रोक लगाइएको छ। आसियानका अन्य सदस्य राष्ट्रहरूमा ब्रुनाई, कम्बोडिया, इण्डोनेसिया, लाओस, मलेसिया, फिलिपिन्स, सिंगापुर, थाइल्याण्ड र भियतनाम रहेका छन्। यसमा हालै पूर्वी टिमोरले पनि नयाँ सदस्यका रूपमा प्रवेश गरेको छ।

संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक टम एण्ड्रुजले यसअघि आसियानलाई चेतावनी दिँदै भनेका थिए, 'जुन्टाको छललाई वैधानिकता दिने कुनै पनि कदम म्यान्माका जनतामाथि अन्याय हुने छ। कपटपूर्ण चुनावलाई मान्यता दिनु भनेको लोकतन्त्रलाई पछाडि धकेल्नु र दमनकारी शक्तिको रक्षा गर्नु हो।' *रासस⁄एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | २३९९०० | ० | २९८० |



धान पहेँलै... | गुल्मीको मुसिकोट नगरपालिकाको केन्द्र वामीटक्सारस्थित परूवाफाँटमा पाकेर काट्न तयार भएको पहेँलपुर धानखेती ।
*तस्बिर: जनार्दन घिमिरे/रासस*

# लुटपाटमा संलग्नलाई कारबाही गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले 'जेनजी' आन्दोलनका क्रममा भएको घुसपैठबाट उद्योग, व्यवसाय र निजी सम्पत्तिमाथि भएको लुटपाट, तोडफोड र आगजनीमा संलग्नबारे छानबिन गरी कारबाही अगाडि बढाउन र सुरक्षाको प्रत्याभूतिका लागि सरकारसँग आग्रह गरेको छ ।

महासंघले ती घटनामा संलग्नहरूको जाहेरी नै नलिएको सदस्यहरूबाट गुनासो आइरहेकाले यसले समाजमा दण्डहीनता मौलाउँदै जाने र व्यवसायी हतोत्साही हुने उल्लेख गर्दै यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराएको हो । महासंघले यी घटनाले निजी क्षेत्रको मनोबल कमजोर पार्ने मात्र नभई आर्थिक क्रियाकलापमै नकारात्मक असर पुर्‍याएको विज्ञप्तिमार्फत जनाएको छ । 'यसले रोजगारी सिर्जना, राजस्व संकलन, लगानी प्रवर्द्धन र समग्र अर्थतन्त्रमा नै दीर्घकालीन असर पार्ने छ', जारी विज्ञप्तिमा उल्लेख छ ।

महासंघले निजी क्षेत्रको सुरक्षाको प्रत्याभूतिका लागि केन्द्र र जिल्लास्तरीय सुरक्षा समितिहरूमा महासंघको प्रतिनिधित्व सुनिश्चित गर्न सम्बन्धित जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिको सहभागिताका लागि पनि आग्रह गरेको छ ।

» महासंघले निजी क्षेत्रको सुरक्षाको प्रत्याभूतिका लागि केन्द्र र जिल्लास्तरीय सुरक्षा समितिहरूमा महासंघको प्रतिनिधित्व सुनिश्चित गर्न सम्बन्धित जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिको सहभागिताका लागि पनि आग्रह गरेको छ ।

यसबारे औपचारिक आग्रह गर्दै महासंघले गृहमन्त्रालयमा पत्राचार समेत गरिसकेको छ । सबै तहमा सरकार निजी क्षेत्र समन्वय र मुख्य गरी जिल्लास्तरीय सुरक्षा योजना, जोखिम मूल्यांकन र आकस्मिक निर्णय प्रक्रियामा पनि व्यावसायिक समुदाय प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न महासंघले समितिमा आफ्नो र सदस्य संघहरूको सहभागिताका लागि आग्रह गरेको हो ।

महासंघका पदाधिकारी, स्थायी समिति तथा समिति/फोरमका सभापतिहरू सम्मिलित छलफलमा महासंघका कार्यवाहक अध्यक्ष अञ्जन श्रेष्ठले शान्ति सुरक्षा नभई स्थायित्व नहुने, स्थायित्व नभई उद्यम व्यवसाय सञ्चालन हुन नसक्ने र उद्यम व्यवसाय सञ्चालन नहुँदा अर्थतन्त्रमै गम्भीर समस्या उत्पन्न हुने हुँदा व्यवसायीको शान्ति सुरक्षा अपरिहार्य शर्त भएको बताए ।

महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले देशको आर्थिक गतिविधिलाई दिगो रूपमा अगाडि बढाउन, लगानीको वातावरण विश्वसनीय बनाउन तथा निजी क्षेत्र आत्मविश्वासपूर्वक क्रियाशील रहन सक्ने अवस्था सिर्जना गर्न निजी क्षेत्रले सरकारको सक्रियता अपेक्षा गरेको बताए ।

छलफलमा महासंघमा उपाध्यक्षद्वय हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ, कोषाध्यक्ष भरतराज आचार्यसहित स्थायी समिति तथा समिति/फोरमका सभापतिहरू सहभागी थिए ।

# ३०० विदेशी पर्यटक कञ्चनजंघा हिमाल क्षेत्रमा

■ दिलकुमार लिम्बु



**फुङ्लिङ (ताप्लेजुङ)** – पछिल्लो समय ताप्लेजुङस्थित हिमाल (पिक) आरोहण गर्न सुरुआत भएको छ । फ्रान्सेली दुई नागरिकले गत असोज महिनाको दोस्रो साता ६ हजार ८०८ मिटर उचाइको 'ह्वाइट वेभ पिक' पहिलो पटक सफल आरोहण गरेका थिए । अन्नपूर्ण फुटहिल्स ट्रेक्स एण्ड एक्सपिडिशनका तेन्जी शेर्पाका अनुसार आरोहण गर्नेमा फ्रान्सेली नागरिक बेन्जामिन चार्ल्स इली वेद्रिन्स र निकोलस पाउल अरीस्टाइड छन् ।

गतसाता चिलिका एक नागरिकले कञ्चनजंघा हिमालको काखमै रहेको पाथीभरा हिमालको सफल आरोहण गरेको थिए । विश्वको ३२औँ अग्लो र नेपालको १५औँ अग्लो कुम्भकर्ण(फक्ताङलुङ) हिमाल आरोहण गर्नका लागि फ्रान्साका तीन नागरिक सो हिमालको आधार शिविर क्षेत्रमा पुगेको पर्यटन साहयक शेर्पाले बताए । सो हिमालको उचाइ सात हजार ७१० मिटर उचाइ रहेको छ ।

विसं २०१९ मा फ्रान्सका एक नागरिकले पहिलो पटक कुम्भकर्ण हिमालको सफल आरोहण गरेका बताइएको छ । पछिल्लो वर्षहरूमा यहाँका हिमालहरू उत्साहकासाथ आरोहण गर्न थालिएका छन् । गत वर्षको कात्तिकमा चारजना दक्षिण कोरियन नागरिकले छ हजार ३२८ मिटर उचाइमा रहेको शार्फु-५ हिमालको पहिलो पटक सफल आरोहण गरेको थिए ।

गत वर्षको चैतमा शार्फु-४ हिमालमा पहिलो पटक आरोहण गरिएको थियो । चिलिका एक नागरिक हर्नान लील, पर्वतारोही लाक्पाछिरिङ शेर्पा, नादा शेर्पा र फोटोग्राफर पूर्णिमा श्रेष्ठले छ हजार ४३३ मिटर उचाइका शार्फु-४ हिमालको पहिलो पटक आरोहण गर्न सफल भएका थिए ।

कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का घुन्सा पर्यटन चेक पोष्ट कार्यालयका पर्यटन साहयक टाँसी तेन्जिङका अनुसार ३०० जना विदेशी पर्यटकले विश्वको तेस्रो अग्लो कञ्चनजंघा हिमाल क्षेत्र भ्रमण गरेका छन् । केही घुन्सा क्षेत्रमा विश्राम गरेका छन् । गत भदौ महिनाको तेस्रो सातादेखि मङ्सिर १५ गतेसम्म कञ्चनजंघा भ्रमण याम रहने शेर्पाले बताए ।

पर्यटन विभागका अनुसार गत वर्षको याममा अर्थात मार्च १ देखि अप्रिल २१ सम्ममा २६ जना पुरुष र १५ जना महिला गरी ४१ जनाले आठ हजार ५५६ मिटर उचाइको कञ्चनजंघा हिमालको चुचुरोमा सफलतापूर्वक आरोहण गरेका थिए । सो आरोहणबाट एक करोड ९७ हजार ४६० रूपैयाँ रोयल्टी संकलन भएको थियो । *रासस*

# आम्दानीको भरपर्दो स्रोत च्याउखेती

**अत्तरिया (कैलाली)**– कैलालीको धनगढी उपमहानगरपालिका-११, जोकैयाका मंगल चौधरीले पाँच वर्षदेखि च्याउखेती गर्दै आएका छन् । उनले सुभाष बहुउद्देश्यीय कृषि फर्म दर्ता गरेर च्याउखेती गर्दै आएका हुन् ।

पाँच वर्षअघि रु ६० हजार लगानीमा एउटा टनेलबाट च्याउखेती सुरु गरेका चौधरीले हाल दुई कट्ठा जग्गा भाडामा लिएर त्यसमा सातवटा टनेल बनाएर च्याउखेती गरिरहेका छन् ।

बाह्रै महिना च्याउ उत्पादन गर्दै आएका उनले त्यसबाट मनग्य आम्दानी गरिरहेका छन् । चौधरीले भने, 'पहिले ज्ञान, सीप कम थियो । छ महिनामात्रै च्याउ उत्पादन गर्थे, बिस्तारै अनुभव पनि बढ्यो । हाल बाह्रै महिना उत्पादन गर्न थालेको छु । आम्दानी पनि राम्रै छ ।'

सातवटा टनेलबाट उत्पादन भएको च्याउ बिक्रीबाट सबै खर्च कटाएर वार्षिक रु १० लाख आम्दानी हुने उनले सुनाए । हाल बजारमा च्याउ प्रतिकिलो रु १८० का दरले बिक्री भइरहेको छ । चौधरीले बजारको मागअनुसार च्याउ आपूर्ति गर्न सकिए अझै आम्दानी बढ्ने बताए । उनले भने, 'बजारमा माग बढी छ । मैले मागअनुसार च्याउ पूर्ति गर्न सकिरहेको छैन । हाल प्रतिदिन ७० देखि ८० केजी च्याउ बिक्री गर्दै आएको छु ।'

चौधरी च्याउखेतीमा लगानी कम र आम्दानी बढी हुने गरेको बताउँछन् । यसै व्यवसायबाट चार जनाको परिवारको लालनपालन, छोराछोरीको पढाइलेखाइ खर्च राम्रै चलिरहेको र बचत पनि हुने गरेको उनले जानकारी दिए ।

यसबाटै भएको कमाईबाट च्याउ ढुवानीका लागि एउटा विद्युतीय अटोरिक्सा पनि किनेको चौधरीले बताए ।

'आफ्नो परिवारको खर्च धान्ने मात्रै होइन, आठ जनालाई रोजगारीसमेत दिएको छु', चौधरीले भने, 'हाल ज्यालादारीमा दैनिक आठ जनालाई रोजगारी दिएको छु । दैनिक प्रतिव्यक्ति रु छ सयदेखि ७०० सम्म ज्याला दिने गरेको छु ।' *रासस*

# धानको समर्थन मूल्यका पर्खाइमा किसान

**भजनी (कैलाली)**– टीकापुर नगरपालिका-४ का बन्धुराम डगौरा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई पर्खेर बसेका छन् । चाडपर्वका समयमा घरायसी आर्थिक जोहो गर्न केही धान प्रति क्विन्टल रु दुई हजार ५०० मा बिक्री गरेका उनी बाँकी धान सरकारले तोकेको समर्थन मूल्यमा बिक्री गर्नका लागि खाद्यलाई पर्खेर बसेका हुन् ।

'घर खर्चका लागि सस्तोमा पनि धान बिक्री नगरी नहुने भएपछि १० क्विन्टल धान झण्डै एक हजार सस्तोमा बिक्री गर्नुपर्‍यो ।' उनी भन्छन्, 'खाद्यले समयमा किसानको धान खरिद गरेको भए मैले १० हजार घाटा खाएर धान बिक्री गर्नुपर्ने थिएन ।'

यो पीडा बन्धुरामको मात्रै होइन । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले समयमा धान खरिद नगर्दा अधिकांश किसान मर्कामा परेका छन् । घरको आर्थिक जोहो गर्न र उत्पादन भएको धान राख्ने ठाउँ नहुँदा किसान सस्तोमा धान बिक्री गर्न बाध्य छन् । अझै चाडपर्वको समयमा बढी खर्च चाहिने हुँदा किसानले बर्सेनि त्यसको जोहो धान बेचेरै गर्ने गरेका छन् । '३०/४० क्विन्टल धान हुन्छ, त्यो व्यवस्थापन गर्ने ठाउँ हुँदैन । बाध्यताले पनि सस्तोमा बिक्री गर्नैपर्‍यो ।' भजनी नगरपालिका-३ का श्रवण थारु भन्छन्, 'हरेक अभावका बाबजुद उत्पादन भएको धान किसानले आफ्नो लागत नउठ्दा पनि बिक्री गर्नुपरिरहेको छ ।'

भजनीकै अर्का किसान जयप्रसाद ढुंगानाले सरकारले किसानको पीडा कहिल्यै नबुझेको गुनासो गरे । उनले चैते धान बिक्री गर्दा होस् वा बर्खे धान बिक्री गर्दा होस् सरकारले आफै तोकेको समर्थन मूल्यमा समयमा धान खरिद गर्न नसकेको बताए । 'यो देशमा आन्दोलन नगरी अधिकार पाइँदैन । तर किसानले प्रायः आन्दोलन गर्न जानेका हुँदैनन् ।' उनी भन्छन्, 'त्यसैले पनि होला किसानको समस्या न खेती लगाउँदा सम्बोधन हुन्छ, न उत्पादन भएको वस्तु बिक्री गर्दा ।' किसानका समस्या जबसम्म राज्यले सम्बोधन गर्दैन तबसम्म किसान आत्मनिर्भर बन्न नसक्ने उनको बुझाइ छ ।

कैयौँ किसानले खाद्य संस्थानको पर्खाइमा धान नै भित्र्याएका छैनन् । खेतमै धान थुपारेर केही किसानले खाद्यको बाटो कुरिरहेका छन् । 'आजसम्म खाद्यले समयमा किसानको धान खरिद गरेको कुनै वर्ष छैन । यसवर्ष पनि त्यहीँ हो ।' किसान जितबहादुर चौधरी भन्छन्, 'अब मैले अझै खाद्यको बाटो हेरेर धान भित्र्याएको छैन । अझै धान खरिद गर्ने सम्भावना देखिएको छैन । अब सस्तोमै भए पनि बिक्री गर्नुपर्छ ।' उनले किसानले उत्पादन भएको वस्तुको बजार मूल्य कहिल्यै नपाएको गुनासो गरे ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिदमा चासो नदिएपछि किसानहरूको चौतर्फी विरोध हुँदा स्थानीय प्रशासनसहित सरोकारवालाले यथाशीघ्र किसानको धान खरिद गर्न आग्रह गरेका छन् । कैलालीका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साल लगायतका सरोकारवालाको छलफलले कात्तिक ११ गतेभित्र धान खरिद सुरु गर्न र धान खरिदको कोटा बढाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई आग्रह गर्ने निर्णय गरेको छ ।

सरकारी स्वामित्वको खाद्यले सरकारले तोकेको मूल्यमा धान खरिद गर्दै आएको छ । खाद्यले धान खरिद सुरु गरेपछि व्यापारीले पनि मूल्य बढाएर खरिद गर्छन् । खाद्यले कैलालीको टीकापुर, सत्ती, जोशीपुर, भजनी, गौरीगंगा र धनगढीको मोहनपुर गरी ६ ठाउँमा डिपो राखेर धान खरिद गर्ने गरेको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीका प्रमुख दीपक थापाले खरिद केन्द्रमा धान खरिदको तयारी भइरहेको बताए । केन्द्रबाट धान खरिदको परिपत्र नआएको जानकारी दिए । केन्द्रले कोटा निर्धारणसहितको परिपत्र पठाएलगत्तै खरिद सुरु गरिने उनको भनाइ छ । उनका अनुसार कति मात्रामा धान खरिद गर्ने भनेर केन्द्रले कोटा निर्धारण गर्ने गरेको छ । सरकारले यसवर्ष मोटो धानको मूल्य प्रतिक्विन्टल रु तीन हजार चार सय ६३.८१ रूपैयाँ र मध्यम धानको मूल्य तीन हजार ६ सय २८.३३ रूपैयाँ तोकेको छ । *रासस*

# लुलु एक्सचेञ्जबाट नेपाल पैसा पठाउँदा एक किलो सुन

**काठमाडौं (प्रस)**– युएईको अग्रणी र विश्वासिलो वित्तीय सेवा प्रदायक संस्था लुलु एक्सचेञ्जले आफ्ना ग्राहकहरूका लागि यस वर्षको पर्वमा रोमाञ्चक अफर घोषणा गरेको छ । युएईमा रहेका नेपालीहरूले लुलु एक्सचेञ्जमार्फत नेपालमा पैसा पठाउँदा १ किलो कमटेक सुन, दुई मेगा पुरस्कार – डङफेङ साईन कार र डङफेङ मेज कार र लियोनल मेस्सी ले हस्ताक्षर गरेको अर्जेन्टिनाको फुटबल जर्सी जित्न सक्नेछन् ।

अफर अवधि भित्र नेपालमा पठाइएका प्रत्येक रेमिट्यान्स ट्रान्जेक्सन स्वतः लकिड्रमा सहभागी हुनेछन् । यो अफर २०२५ नोभेम्बर २२ सम्म मान्य रहनेछ ।

विश्वास, पारदर्शिता र प्रविधिमा आधारित सेवाका साथ, लुलु एक्सचेञ्जले छिटो, सुरक्षित र भरपर्दो रेमिट्यान्स सेवा प्रदान गर्दै आएको छ, जसले पैसा पठाउने अनुभवलाई सजिलो, अर्थपूर्ण र फलदायी बनाउँछ । लुलु एक्सचेञ्ज युएईमा बसोबास गर्दै आएका नेपालीहरूमा लोकप्रिय बनेको छ ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ